# सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

**शोध पत्र**


**शोधार्थी**
रामप्रसाद तिम्सिना
रजिष्ट्रेशन नं. : ६३२५-८३
परीक्षा रोल नं. :२१४०६३/२०६४
क्याम्पस रोल नं. : ९८/२०६४



सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ
२०६७

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ**

**शोध पत्र मूल्याङ्कन समिति**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय , सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग इन्द्रपुर, मोरङ अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र रामप्रसाद तिम्सिनाले **सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव** शीषर्कको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र मैले निर्दिष्ट  गरेको शोधढाँचामा तयार गरिएको छ । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०६७/०६/२१

(लक्ष्मी कुमार श्रेष्ठ)

शोध निर्देशक

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ**

**शोध पत्र मूल्याङ्कन समिति**

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय , सुकुना बहुमुखी क्याप्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग इन्द्रपुर, मोरङ अन्तर्गत स्नातकोत्तर तह द्वितीय बर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि छात्र रामप्रसाद तिम्सिनाले तयार पार्नुभएको सामुदायिकको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव शीर्षकको शोध पत्र स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| | | | |
|---|---|---|---|
| १. | उपप्राध्यापक | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख |
| २. | उपप्राध्यापक | लक्ष्मीकुमार श्रेष्ठ | शोध निर्देशक |
| ३. | | | |

मिति : २०६७/०६/

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङको शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूर्तीको लागि तयार पारिएको प्रस्तुत शोधपत्र तेह्रथुम जिल्लाको इसिबू स्रोत केन्द्रका सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव शीर्षकमा अध्ययन गरिएको छ ।

शोधकार्यमा अध्ययन क्षेत्रका सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पार्ने प्रभावको बारेमा अध्ययन गरिएको छ । विद्यार्थी भर्नाको न्यून हुने कारण, यसले शिक्षक दरवन्दीमा पार्ने प्रभाव, शिक्षण सिकाई व्यवस्थापनमा पार्ने हसरहरु र भर्नादर बढाउने उपायहरुको बारेमा निष्कर्ष निकाल्न प्र.अ., शिक्षक, अभिभावक , वि.व्य.स. पदाधिकारी तथा स्रोत व्यक्ति/वि.नि. सँगको धारणा तथा दृष्टिकोण बुझ्ने प्रयास गरिएको छ । विद्यार्थी भर्नादर वृद्धि गर्न आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

यस विषय शीर्षकमा अध्ययन गर्न अनुमति प्रदान गर्ने शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस अध्ययनको शोधपत्र प्रस्तावना देखि शोधपत्र तयारीको अन्तिम अवस्थासम्म प्रत्यक्ष भेटघाट र टेलिफोन सम्पर्कमा समेत झन्झट नमानि आवश्यक सल्लाह सुझाव सहित शोधपत्रको निर्देशन गर्नुहुने आदरणीय विद्वान गुरु उपप्रध्यापक श्री लक्ष्मीकुमार श्रेष्ठ प्रति सदा ऋणी छु ।

शोध लेखनको कार्यको अन्तिम स्वरुप तयार गर्ने वेला सम्म आफ्नो विद्वताबाट सिंचित गराईदिनुहुने उपप्रध्यापक खगेन्द्र लुइटेल प्रति श्रद्धा व्यक्त गर्दछु ।

त्यसै गरी यस अध्ययनलाई सही सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नु हुने विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक वर्ग, वि.व्य.स. पदाधिकारीहरु, वि.नि./स्रोत व्यक्तिज्यू र विद्यालयका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । अध्ययनको क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सुकुना बहुमुखी क्याम्पसका गुरुवर्ग एवं अन्य कर्मचारीहरु प्रति आदरभाव व्यक्त गर्दछु । शोधपत्रको कम्प्युटर टाइपमा सहयोग गर्नुहुने एरिना कम्प्युटर सेन्टर इटहरीलाई पनि धन्यवाद दिंदै यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि विनम्र अनुरोध गर्दे सम्बन्धित विभागमा पेश गर्दछु ।

धन्यवाद ।

**रामप्रसाद तिम्सिना**

# शोधसार

प्रस्तुत शोधकार्य सामूदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन शीर्षकमा गरिएको छ । यस अध्ययनले सामूदायिक विद्यालयहरुको प्राथमिक तहमा विद्यार्थी भर्नाको व्यवस्थापन स्थितीको अध्ययन गर्ने मूख्य उद्देश्य लिएको छ ।

यस अध्ययनका लागि तेह्रथुम जिल्ला इसिबू स्रोत केन्द्र अन्तर्गत सामुदायिक विद्यालयहरुलाई अध्ययनको क्षेत्र बनाईएको छ । यसका लागि ५ वटा विद्यालयहरुका २/२ जना शिक्षकका दरले १० जना शिक्षक २/२ जना अभिभावकका दरले १० जना अभिभावक ५ जना वि. व्य. स. पदाधिकारी ५ जना प्र. अ. हरु र २ जना वि. नि. /स्रोत व्यक्तिलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

अध्ययन अनुसन्धान गर्ने क्रममा नमूना छनौट गरिएका विद्यालयका प्र.अ. वि. व्य. स. पदाधिकारीहरु स्रोत व्यक्ति शिक्षक सगँ प्रश्नावली, अन्तरवार्ता अवलोकन अभिलेख अध्ययन विधि अपनाई प्राप्त सूचना तथा तथ्यांकहरुलाई वर्णनात्मक र विश्लेषणात्मक ढाचामा शोध पत्र प्रस्तुत गरिएको छ ।

यस अध्ययनको निष्कर्षको रुपमा तेह्रथुम जिल्ला इसिबू स्रोतका सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नालरले व्यवस्थापनमा पारेको प्रभावलाई शिक्षक, अभिभावक, वि.व्य.स. पदाधिकारी र स्रोत व्यक्ति/वि.नि. बाट आएका राय सुझावहरुलाई केलाएर हेर्दा अभिभावकहरुमा अंग्रेजी माध्यमका विद्यालयहरुको प्रभाव परेको देखिन्छ । त्यसैले सामुदायिक विद्यालयको प्राथमिक तहमा पनि अंग्रेजी माध्यमबाट कक्षाहरु लाई संगठित गर्नु आवश्यक छ । यस बाहेक कतिपय वालवालिका घरको कामको कारण विद्यालय भर्ना भएका छैनन् । यस अतिरिक्त घरको आर्थिक, सामाजिक, पारिवारिक कारणले, शैक्षिक चेतनाको अभावका कारणले प्रभावित भएर विद्यालयमा भर्ना भएका छैनन् ।

यसरी बुँदागत रुपमा भन्नुपर्दा सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको व्यवस्थापनका कारणले शिक्षक दरवन्दी घट्ने, प्रति बच्चा अनुदान (P.C.F.) कम हुने, कक्षागत शिक्षकको कमी, शिक्षण सिकाई सामग्रीको अभाव, शिक्षण सिकाई व्यवस्थापनमा असर परेको छ।

यि व्यवस्थापनमा देखिएका समस्याहरुलाई समाधान गर्न सामुदायक विद्यालयहरुमा संस्थागत विद्यालयको जस्तै अंग्रेजी माध्यम अपनाई पठनपाठन गराउन सके विद्यार्थी भर्ना बढाउन सकिने तथा व्यवस्थापनमा देखिएका कमजोर पक्षहरुलाई सुधार गर्न सके विद्यार्थी भर्नालाई सकारात्मक प्रभाव पार्न सकिन्छ ।

# विषय सूची


| | पेज नं |
|---|---|
| आवरण पृष्ठ | I |
| सिफारिस पत्र | II |
| स्वीकृति पत्र | III |
| कृतज्ञता | IV |
| शोधसार | V |
| विषय सूची | VII |
| तालिका सूची | IX |
| चित्र सूची | X |
| संक्षिप्त शब्दावली | XI |

**परिच्छेद : एक**

**परिचय**

| | |
|---|---|
| १.१. पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ३ |
| १.३. अध्ययनको औचित्य | ३ |
| १.४. अध्ययनको उद्देश्य | ३ |
| १.५. अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.६. अध्ययनको परीसीमा | ५ |
| १.७. अध्यायनमा प्रयोग भएका शब्दावली | ५ |

**परिच्छेद : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१. सम्बन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२. सैद्धान्तिक खाका | ७ |
| २.३ शैक्षिक उपदेयता | ११ |

**परिच्छेद : तीन**

**अध्ययन विधि**

| | |
|---|---|
| ३.१. अनुसन्धान ढाँचा | १३ |
| ३.२. तथ्याङ्क सङ्कलन प्रक्रिया | १३ |
| ३.२.१. जनसङ्ख्या | १३ |
| ३.२.२. नमूनाको आकार | १३ |
| ३.२.३. नमूना छनौटको विधि | १४ |

३.२.४. नमूना छनौटको आधार १४
३.३. अनुसन्धानका साधन १४
३.४. तथ्याङ्क सङ्कलनका स्रोतहरु १५
३.५. तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या १५

**परिच्छेद-चार तथ्याङ्कको व्याख्या विश्लेषण**

४.१ विद्यार्थी भर्नाको वर्तमान अवस्था १६
४.२ विद्यार्थी भर्नामा न्युनहुनका कारणहरु १७
४.३ विद्यालय व्यवस्थापनको विद्यार्थी भर्ना व्यावस्थापनमा भूमिका १९
४.४ विद्यार्थी भर्ना बढाउने उपायहरु २१
४.५. विद्यालय व्यवस्थापन चुस्त बनाउने उपायहरु २९

**परिच्छेद - पाँच**

**प्राप्ति, निकर्ष तथा सुझाव**

५.१ प्राप्ति ३२
५.२ निष्कर्ष ३४
५.३ सुझाव ३६

सन्दर्भ सामग्रीहरु ३८
अनुसूचीहरु I-XIII

# तालिका सूची


| तालिक नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | कक्षागत विद्यार्थी विवरण | १६ |
| २. | विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरुको विवरण | १७ |
| ३. | विद्यार्थी भर्नादर न्यून हुँदा व्यवस्थापनमा आउने समस्याको विवरण | २० |
| ४. | शिक्षकहरुबाट आएका उत्तरहरुको विवरण | २६ |
| ५ | अभिभावकहरुबा आएका उत्तरहरुको विवरण | २७ |
| ६. | नमूना विद्यालयको शिक्षक दरवन्दी संख्या | २८ |

## चित्र सूची


| चित्र नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरुको विवरण | १८ |
| २. | विद्यार्थी भर्नादर न्यून हुँदा व्यवस्थापनमा आउने समस्याको विवरण | २० |
| ३. | शिक्षकहरुबाट आएका उत्तरहरुबो विवरण | २६ |
| ४. | अभिभावकहरुबाट आएका उत्तरहरुको विवरण | २७ |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| शै.ज.वि.के. | शैक्षिक जनशक्ति विकास केन्द्र |
| आ.प्रा.शि.प. | आधारभूत प्राथमिक शिक्षा परियोजना |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरिक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| EFA | Education for all |
| PCF | Per child Fund |

# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रत्येक नागरिकका लागि शिक्षा जीवनको आधारशिला हो । यसले देश विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा शिक्षाको आधुनिक इतिहासलाई हेर्ने हो भने सर्वसाधारण जनताले शिक्षा प्राप्त गर्ने अवसर पाएको धेरै समय भएको पाइदैन । देशको उच्च शासक वर्गका सन्ततिलाई शिक्षादिने उद्देश्यले सरकारी विद्यालयको रुपमा सर्वप्रथम वि.सं. १९१० मा थापाथली दरवारमा अंग्रेजी स्कूलको स्थापना भयो । यो नै नेपालको पहिलो आधिकारिक विद्यालय हो । यसै विद्यालयलाई पछि दरवार हाइस्कूल भनियो । राणाशासन स्थापना भएको करिव आधाशताब्दीसम्म पनि देशमा शिक्षाको प्रचार-प्रसार हुन सकेन । राणाशासन भित्र पनि देव शमशेर जस्ता उद्धार शासन देखा नपरेका होइनन् । जसले देशमा शिक्षा विकासको लागि केही कार्यहरुमात्र गर्न के लागेका थिए तर उनका निरकुंश भाइहरुले उनलाई अगाडि बढ्न दिएनन् (रा.शि.प.यो. २०४९) ।

राणाहरुले देशमा शैक्षिक विकास होस् भन्ने नचाहँदा नचाहँदै पनि उनीहरुका भित्रबाट केही हानथाप र देखासिखीको भावनाले पनि विस्तारै ठाउँठाउँमा विद्यालयहरु स्थापना हुन थाले भाषा पाठशाला र श्रेस्ता पाठशाला यसका नमूना हुन । वि.स. १९६१ मा जुद्ध शमशेरले शिक्षा सम्बन्धी  इतिहास जारी गरेपछि विद्यालयहरु खोल्ने केहि लहर चलन थाल्यो (ऐ. २०४९) ।

नेपालमा २००७ सालको क्रान्ति पछि शिक्षा प्रसारमा व्यापक लहर आयो । देशको सर्वाङ्गीण विकासको लागि शिक्षा अपरिहार्यलाई वास्तविक रुपमा महशुस गर्न थालिएको हुँदा गाउँ टोल सहरमा स्थानीय जनताहरुको सहभागिमा विभिन्न विद्यालयहरु खुल्न थाले । यसै क्रममा नेपालको शैक्षिक विकासमा नयाँ गति दिन राष्ट्रि शिक्षा योजना २०११ गठन भयो । यस आयोगले देशमा प्रसस्त मात्रमा खुलिरहेका विद्यालयहरु त्यसको संयोजन गर्न सकेन यसै क्रममा २०१८ मा सर्वागिण राष्ट्रिय शिक्षा योजना गठन भयो । जसले पनि देशै भर शैक्षिक विकासको गतिलाई देशै भर एक रुपता ल्याउन सकेन । पुन २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो । यसले देशै भर छरिएर रहेका विद्यायको पाठ्क्रम र पाठ्यपुस्तकमा एकरप्ता ल्याउनका साथसाथै शैक्षिक क्षेत्रमा महत्वपूर्ण परिवर्तनहरु ल्यायो । यस पछि पनि २०३८, २०५५ सालमा क्रमश शाही उच्च शिक्षा आयोग र उच्चस्तरीय

शिक्षा आयोगहरु गठन भए यिनीहरुले समेत शिक्षा क्षेत्रमा थप परिवर्तन र सुधारका लागि सुझावहरु दिए । यस अतिरिक्त नेपालको शैक्षिक विकासको लागि आधारभुत प्राथमिक शिक्षा परियोजना, सबैबा लागि शिक्षा र विद्यालय क्षेत्र सुधार कार्यक्रम जस्ता कार्यक्रमहरु नेपालकाको वर्तमान प्राथमिक शिक्षाको भर्ना र गुणात्मक स्तर वृद्धिगर्नको लागि विशेष जोड दिइएको पाइन्छ । यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले समेत प्राथमिक शिक्षा सुधारका लागि थप सिफारिसहरु गरेको पाईन्छ । यसरी २००७ साल तिर ३०० जति विद्यालयहरु स्थापना भएको नेपालमा २०५५ तिर आउँदा हरेक टोल वस्तिमा प्राथमिक विद्यालयहर स्थापन भएका छन् तिनीहरुमा विद्यार्थी सङ्ख्या उल्लेख्य रहेको थियो । तर २०५५ देखि यता सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको स्थिति क्रमश घटिरहेको पाइन्छ । हाम्रो देशका प्राथमिक विद्यालयहरु एक दशक अघि विद्यार्थी भर्नाको चाप राम्रो थियो । जब सहर, बजार र गाउँ तर्फ समेत संस्थागत विद्यालयहरु धेरै मात्रामा खुल्दै गए तव बालबालिकाका अभिभावकहरुको आकर्षण संस्थागत विद्यालय तर्फ बढ्दै गयो । वालवालिका भर्ना चाप सामुदायिक विद्यालयमा घट्दै आएको छ । जति जति माथिल्लो कक्षामा गयो त्यति विद्यालय छाड्ने गरेको पाइन्छ र विद्यालयमा विद्यार्थीको संख्या घटेको छ । यसरी सामुदायिक विद्यालयको विद्यार्थी भर्नादर किन घट्दै गयो भन्ने परिप्रेक्षमा तेह्रथुम जिल्लाको प्राथमिक तहमा विद्यार्थी भर्नाको वर्तमानमा भएको न्यूनताको अवस्थाले विद्यालय व्यवस्थापनमा पारेको असरहरु अध्ययन गर्ने गरी यो शोध प्रस्ताव तयार गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालयको विकास र सफलताको लागि विद्यार्थीको संख्या महत्वपूर्ण तत्व हो । विद्यार्थीको संख्याले विद्यालयले गर्ने शैक्षिक क्रियाकलाप, अन्य सहभागिताको लागि समेत विद्यार्थी भर्ना बढाउनु पर्ने वर्तमान परिप्रेक्षमा यो शोधपत्र तयार गर्ने क्रममा हाल हाम्रो देशका सामुदायिक विद्यालयको प्राथमिक तहमा दिनानुदिन विद्यार्थी भर्नादर घटिरहेको छ । यसरी घटिरेहेको विद्यार्थी भर्नादरले विद्यालयको शिक्षक दरवन्दी शिक्षण सिकाईको वातावरणमा समेत असरहरु परेका छन् । त्यसैले के कारणले सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर घटेको छ ? त्यसले के कस्ता असरहरु पारेको छ ? यसै समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने मुलभूत प्रश्नहरुमा केन्दित भई यो अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको औचित्य

जुनसुकै देशको शिक्षाप्रणालीमा प्राथमिक तहको शिक्षाले महत्वपूर्ण स्थान ओगट्न सफल भएको पाइन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ । हाम्रो देशमा कुल शिक्षा बजेटको लगभग ५५% रकम प्राथमिक तहको शिक्षाको लागि लगानी गरिन्छ । यसमा परिवारको समेत लगानी जोड्ने हो भने अझ बढी हुन आएँछ । प्राथमिक तह उच्च शिक्षाको आधारशिला भएकाले पनि नेपाल सरकारले विशेष ध्यान पुऱ्याएको देखिन्छ । साथै प्राथमिक तहमा गरिएको राष्ट्रिय लगानीको सामाजिक लाभ पनि तुलनात्मक रुपमा उच्च शिक्षामा भन्दा अधिक नै हुन्छ । त्यसैले प्राथमिक तहको शिक्षा सर्वव्यापी सरल र गुणस्तरीय हुनुपर्छ एवं सर्वसुलभ हुनुपर्छ भन्ने विषयलाई सबै क्षेत्रबाट जोड दिइएको पाइन्छ । हाम्रो प्राथमिक शिक्षा पूर्ण निःशुल्क गरिएको छ र पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइने विभिन्न प्रकारका छात्रवृत्ति, प्रोत्साहन आदिको व्यवास्था शिक्षाको पहुँच पुऱ्याउन खोजिएको छ ।

यति सुविधा सरकारी तर्फबाट प्राप्त भएर पनि आज दिन प्रतिदिन सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरुको प्रवेश घट्दै गएको छ । यसरी घटिरहेको विद्यार्थी संख्याले विद्यालय व्यवस्थापन नराम्ररी असर पार्न थालेको छ । विद्यालयमा विद्यार्थी संख्या घट्न जानाले शिक्षक दरवन्दी घटेर जाने, विद्यालयलाई आउने प्रति विद्यार्थी अनुदान घट्ने जसका कारण विद्यालयको व्यवस्थापन अस्तव्यस्त हुने समस्याहरु आउने देखिन्छ ।

त्यसैले विद्यार्थी भर्नाको न्यूनताले के कस्ता समस्याहरु आउँछन् तिनको पहिचान गरेर आवश्यक सुधारका उपायहरु पत्ता लगाउन समेत यो अध्ययन गरिएको हुँदा यस अध्ययनले अनुसन्धानको निष्कर्षबाट दिइएका सुझावहरुले विद्यालय शिक्षासँग सरोकार राख्ने अभिभावक, शिक्षक, वि.व्य.स., जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र लगायत सम्बन्धित अन्य निकायहलाई विद्यार्थी भर्नादर बढाउने कुरामा केही मात्रामा भए पनि सूचना दिने छ र आगामी कार्यक्रमहरुका लागि दिशा निर्देशन गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## १.५. अध्ययनको उद्देश्य

क. विद्यार्थी भर्ना अवस्थाको लेखाजोखा गर्नु ।

ख. विद्यार्थी भर्ना न्यूनहुनाको कारणहरु खोजी गर्नु ।

ग. विद्यालय व्यवस्थापनले विद्यार्थी भर्ना व्यवस्थापनमा खेलेको भुमिकाको लेखाजोखा गर्नु ।

घ. विद्यार्थी भर्ना बढाउने उपायहरुको खोजी गर्नु ।

ङ. विद्यालय व्यवस्थापन जवाफ देहि र चुस्त बनाउने उपायहरु सुझाउनु ।

### १.६ अनुसन्धानात्मक प्रश्नहरु

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव सम्बन्धमा अध्ययनका लागि स्थलगत भ्रमण, अवलोकन, प्रश्नावली, अन्तर्वार्ता र भेटघाटका माध्यमबाट निम्न अनुसन्धानात्मक प्रश्नहरुको जवाफ प्रष्ट गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

१. क. विद्यार्थी भर्नादर नियमित रुपमा घट्दै गएको हो वा एक्कासी घटेको हो?
   ख. क्रमिक रुपमा घट्दै गएको हो भने यसका कारणहरु के-के होलान् ?
   ग. भर्नादर घट्दै जानुमा अभिभावकहरुको सामुदायिक विद्यालय प्रतिको असन्तुष्टि हो वा अन्य कारणहरु छन् ?

२. क. विद्यार्थी भर्नादर घट्दै जाँदा के शिक्षक दरवन्दीमा असर परेको छ ?
   ख. विद्यार्थी भर्नादर घट्नु अघि र पछिको शिक्षक दरवन्दीको स्थिति कस्तो छ ?
   ग. यसरीनै विद्यार्थी भर्नादर घटिरहे पहिलेको शिक्षक दरवन्दी कायम रहला?

३. क. घटिरहेको विद्यार्थी भर्नादरको अवस्थामा शिक्षण सिकाई व्यवस्थापन कसरी गरिरहुनभएको छ ?
   ख. भर्ना दर घट्नाले शिक्षण सिकाई व्यवस्थापनमा प्रत्यक्ष वा परोक्ष कस्तो असर परेको छ ?

४. क. विद्यालय व्यवस्थापनको कमजोरीले विद्यार्थी भर्नादर घटेको हो वा अन्य कुनै कारण हो ?
   ख. विद्यालयममा कस्तो शिक्षण सिकाई व्यवस्थापन गरेमा विद्यार्थीको भर्नादर बढाउन सकिएला ?
   ग. विद्यार्थी भर्नादर व्यवस्थापन बाहेक अन्य कुनै कारणले घटेको हो भने त्यसलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.७ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको सीमित साधन स्रोत र समयका बीच यो अध्ययन संचालन गरिने छ । यो अनुसनधानको क्षेत्रबाट तथ्याङ्क संकलन गरिनेछ । यस अध्ययनलाई तेह्रथुम जिल्लाको इसिबू स्रोतकेन्द्रका १६ वटा विद्यालयहरु मध्ये ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरु भित्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.८.शब्दहरुको परिभाषा

सामुदायिक विद्यालय : शिक्षा ऐन २०२८ सातौं संशोधन २०५९ अनुसार नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमित वा स्वीकृति प्राप्त विद्यालय ।

संस्थागत विद्यालय : संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय ।

प्राथमिक विद्यालय : कक्षा १ देखि कक्षा ५ सम्मको शिक्षा दिने विद्यालय ।

स्रोत केन्द्र : स्रोत केन्द्र रहेको विद्यालय सहित स्रोत केन्द्रको सेवा क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई जनाउने गरी प्रयोग गरिएको ।

विद्यालय व्यवस्थापन समिति : विद्यालयको अध्यक्ष सहित सदस्यहरुलाई समेत जनाउने गरी प्रयोग गरिएको ।

शिक्षक : शिक्षक भन्नाले प्रधानाध्यापकलाई समेत जनाउने गरी ।

प्र.अ. : प्रधानाध्यापक

वि.नि. : विद्यालय निरीक्षक

# परिच्छेद : दुई

## २.१. सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई तथ्यपूर्ण एवं सार्थक निष्कर्शमा पुऱ्याउन पहिले नै विश्वमा स्थापित वा स्वीकृत भइसकेको सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनपर्छ । मान्यता प्राप्त सिद्धान्तहरुको सहयोगबाट नै नयाँ समस्याको समाधानको विकल्पहरु खोज्न सम्भव हुन्छ यहाँ विश्वव्यापी रुपमा स्थापित भएका केही सिद्धान्तहरुलाई समावेश गरिएको छ ।

Taylor (१९११) का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन-कुन काम गर्न दिएमा उनीहरुले राम्रो किफायती ढंगले सम्पनन गर्न सक्छन् । भन्ने कुराको सही ढंगले जान्ने कला हो । Taylor का अनुसार कुनै पनि संघ संस्थामा उत्पादन बढाउन त्यहाँ काम गर्ने कामदारको कार्यक्षमता बढाउनु पर्छ । त्यसको लागि वैज्ञानिक विधि अन्तर्गत अवलोकन मूल्याङ्कन, परीक्षण, निचोड जस्ता तत्वहरुलाई कार्यान्वयन ल्याउनु पर्छ । प्रत्येक कामदारको कार्यक्षमता बढाउन परम्परागत कार्यशैलीलाई परिर्वतन गरी वैज्ञानिक बनाउनु पर्छ । व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग सम्बन्ध स्थापित गर्नुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हाँसिल गर्ने ढंगले परिचालन गर्नुपर्दछ । बढी काम गर्नेलाई बढी ज्याला दिनु पर्छ । यसरी Taylor को सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्यविश्लेषण कार्य तथा कामदार उपयुक्त हुनुपर्ने, व्यवस्थापनकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिए । यस विधिले कार्य सम्पादनमा तिव्र बढाउने, दक्षता बढाउने सहयोग र उत्प्रेरणा प्रदान गर्दछ (कोइराला र श्रेष्ठ २०६२ बाट उद्धृत) ।

Follet (१८६८-१९३३) का अनुसार उत्पादन बढाउने भावना र चाहना बुझ्रेर कामदार र प्रशासक बीचको मानवीय सम्बन्ध बढाउनु पर्छ । विभिन्न मनमुटाव, कलह समाप्त गर्नु पर्छ । मानवीय सम्बन्ध विकासका लागि सम्बन्धित अधिकारीले कामदार संख्या उनीहरुका विचार, काम गर्ने तरिका बोध गरी अस्पष्ट भएका कुराहरु स्पष्ट हुनु पर्छ । कामप्रति उत्प्रेरणा बढाउन कामको शुरुवातवाटै समन्वय गर्दै जानु पर्छ । निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित बनाउँदै कामदारलाई कार्यप्रति उत्प्रेरित गर्नुपर्छ । यसरी यो सिद्धान्तले विद्यालय संचालनमा शैक्षिक सुपरिवेक्षणको महत्व रहन्छ भन्नेकुरा पुष्टि हुन्छ । (कोइराला, श्रेष्ठ २०६२)

Chester I Barnard (१८८६-१९६१) का अनुसार व्यवस्थापनलाई व्यवहारवादी सिद्धान्तको रुपमा प्रयोग गर्नुपर्छ । कामदारका मनोवैज्ञानिक एवं व्यवहारिक अध्ययनबाट मात्र प्रशासनमा प्रभावकारिता आउँछ । उनका अनुसार संगठन एक औपचारिक रुप हो, संगठनले औपचारिक संस्था रुपमा मानवीय शक्तिलाई समन्वय गर्ने, एकिकृत गर्ने, सञ्चार गर्ने र उद्देश्य परिपूर्तिका लागि मानव संसाधनको परिचालन गर्ने जस्ता संगठनले औपचारिक काम गर्छ । यसरी बर्नाडका अनुसार एक्लैले हाँसिल गर्न नसकेका लक्ष्यलाई काम र व्यक्तिहरुको व्यक्तिगत लक्ष्यसँग तुलना गर्न सके मात्र संगठन कुशलतासँग चल्न सक्छ । संगठनको मान्यतालाई पुरा गर्न प्रभावकारी तरिकाले कार्य संचालन गर्न प्रत्येक व्यक्तिको अधिकार र मूल्यको विश्लेषणात्मक अध्ययन गर्न आवश्यक छ । (कोइराला, श्रेष्ठ २०६२)

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

यस परिच्छेदमा यो अध्ययनसँग सम्बन्धित सामाग्रीहरुको सिंहावलोकन गरिएको छ । यस विषयमा भएका अध्ययनहरु केही मात्रामा भएपनि मैले अध्ययन गर्ने क्रममा धेरै सामग्रीहरु पाउन सकिएन जे जति मैले पाएँ त्यसको वारेमा निम्न अनुसार विश्लेषण गर्ने प्रयास गरेको छु ।

ग्रानर सन् १९९८ ले "A Geography of Education in Nepal" नामक पुस्तकमा उल्लेख गरे अनुसार दुर्गम सामाजिक दुर्गम समाजिक रुपले अत्यन्तै पिछडिएका अधिकांश जनसङ्ख्यालाई आधारभूत शिक्षा प्रदान गर्नमा विकासोन्मुख राष्ट्रहरु तल्लीन रहेको तथा नेपाल पनि यसमा सहभागि रहेको आशय व्यक्त गरेका छन् । यो लेख सरकारी नीतिमा पहिलो प्राथमिकता रहेको सन् १९८० देखि यता कक्षा १ देखि ५ सम्मको नेपालको प्राथमिक शिक्षामा केन्द्रीत रहेको छ । यस लेखले देखाएको सर्वेक्षण र अध्ययन अनुसार सहरी इलाकामा पहिलाको औषत साक्षरता १९.५ र पुरुषको साक्षरता ५७.५ प्रतिशत रहेको छ । यसको बुहसङ्ख्यक ग्रामिण जनसङ्ख्यामा महिलाको साक्षरता प्रतिशत १.१ र पुरुषको साक्षरता प्रतिशत १५.६ देखाउँछ । अझ देशको आधाजस्तो भू-भाग पश्चिम नेपालमा १० साक्षर व्यक्तिहरुमा १ जनामात्र महिला रहेको देखिन्छ । यो एउटा तथ्याङ्कमात्र नभएर लेखकले नेपालको करिब ८ वटा जिल्लाहरुमा १५ जना साक्षर व्यक्ति मध्ये १ जना मात्र महिला साक्षर रहेको देखिएको छन् । काठमाण्डौ उपत्यकामा मात्र प्राथमिक विद्यायलमा भर्ना हुने छात्र छात्राहरुको अनुपात १:१.२ को हाराहारीमा पाइन्छ ।  तर मध्य र सुदुर पश्चिमका जिल्लाहरुमा यो अनुपात अत्यन्तै फरक रहेको देखाउँछ । जहाँ ५ वटा

जिल्लाहरुमा ५ जना प्राथमिक विद्यालयका विद्यार्थीहरुमध्ये १ जना मात्र महिला साक्षर रहेको देखाएका छन् ।

विद्यालय छाड्ने विद्यार्थीको दर कक्षा १ मा २१% कक्षा दोहोऱ्याउने दर ४२% र कक्षा उत्तीर्ण गर्नेको दर ३८% पाइन्छ । सफलतापूर्वक प्राथमिक तह उत्तीर्ण विद्यार्थी ३७% र १०% ले कक्षा नदोहोऱ्याउने प्राथमिक तह उत्तीर्ण गरेको पाइनछ । दिन प्रतिदिन विद्यार्थी संख्यामा वृद्धि भइरहेको भएता पनि शैक्षिक ड्रेनको परिणामस्वरुप मुस्ताङ्ग, ओखलढुङ्गा र कास्की जिल्लामा कक्षा १ मा विद्यार्थीको संख्या क्रमशः घट्दै गएको देखाउँछ ।

लेखकले आफ्नो लेख मार्फत स्पष्ट गरेका छन् की निजी तथा सामुदायिक विद्यालयमा विद्यालय जानुपूर्व विद्यार्थीलाई Pre-School Training को व्यवस्थान गरिनु पर्दछ । जसले स्कूलजाने उमेर पूर्वका नानीहरुको हेरचाह गर्नका लागि विद्यालय जाने बच्चाहरुको वोझ घटाउनुमा मद्दत गर्दछ (भट्टराई २०६५ वाट उद्धृत) ।

पौडेल (२०६४) ले तयार पार्नु भएको प्राथमिक तहमा कक्षा छाड्ने कारणहरुका अनुसार यसका प्रमुख ३ वटा उद्देश्यहरु थिए । प्राथमिक शिक्षाको पहुँच (Access) तथा सामान्यायिकता (Equity) सुनिश्चित गर्ने अध्ययनबाट प्राप्तीमा नेपालको शिक्षा क्षेत्रको प्रमुख समस्या भनेको विद्यालय छाड्ने समस्या रहेको छ भन्ने कुरा प्रापत हुन आएको पाइयो ।

वालवालिकालाई कक्षा छाड्न वाध्य नगराउनको लागि निम्न सुझावहरु प्रस्तुत गरेको पाइयो । राम्रो प्रेरणादायी कार्यक्रम संचालन : शिक्षाको चेतनाबाट बञ्चित वालवालिकालाई शिक्षा सम्बन्धी राम्रो राम्रा कार्यक्रमहरु समुदायमा सञ्चालन गर्नुपर्दछ । यी कार्यक्रमहरु यस समुदायका अशिक्षित मानिसहरुलाई अनिवार्य रुपमा सामावेश गर्नुपर्दछ। नेपाल सरकार गैरसरकारी संघसंस्था तथा अन्तर्राष्ट्रिय गैर सरकार्ा संघसंस्थाहरुले आर्थिक रुपमा कमजोर भएको परिवारलाई बढी रोजगारीको अवसर प्रदान गर्नुपर्दछ (तामाङ्ग, सुन.ब. २०६४ वाट उधृत) ।

सबैका लागि शिक्षा विश्व अनुगमन प्रतिवेदन २००२ का अनुसार शिक्षा प्रणालीले सबै विद्यालयलाई सेवा पुऱ्याउने कति सक्षम छ भने मापन गर्न विद्यालयको भर्नादर प्रमुख सूचक हो । कुल भर्नादरले विद्यालयमा तोकिएको तहमा रहेका विद्यार्थीहरुलाई उनीहरुको उमेरका बाबजुद उपयुक्त उमेर समूहका बालबालिकाको पहिलो कक्षामा आधिकारीक उमेर भन्दा कम वा बढी उमेरमा सामेल भएमा वा कक्षा दोहोऱ्याउनेको खण्डमा कुल भर्नादर

एक सय प्रतिशत भन्दा बढी पनि हुन सक्छ । विद्यालयमा भर्ना नभएका बालबालिको संख्या र भर्ना नहुने प्रवृति, खुद भर्नादरको स्तर र विद्यालय उमेरको जनसङ्ख्या दुवैमा निर्भर रहन्छ । तसर्थ जनसङ्ख्या वृद्धिको उच्चदरको निरन्तर प्रभावले गर्दा खुद भर्नादर वृद्धि भएतापनि दक्षिण, पश्चिम एशिया र उपसहारा अफ्रिकाले विद्यालयमा नहुने बालबालिको सङ्ख्या बढिरहेको महसुश गर्दछन् । सन् १९९९ मा विश्वभरी विद्यालय भर्ना नभएका वालवालिकाको सङ्ख्या ११५.४ मिलियन थियो (सवैको लागि शिक्षा विश्व प्रतिवेदन २०१२ वाट उद्धृत) ।

CERID (२०५१) प्राथमिक शिक्षाको गुणात्मक विकास एक अध्ययन २०५१ का अनुसार शिक्षा क्षेत्रमा विनियोजित रकमको झण्डै ५० प्रतिशत प्राथमिक शिक्षामा लगानी हुने गरेको छ । यसो हुँदाहुँदै पनि एकातिर कक्षा दोहोऱ्याउने र पढ्दापढ्दै विद्यालय छाड्ने विद्यार्थीहरुको सङ्ख्या प्राथमिक तहमै बढी देखिन्छ भने अर्कातिर शहरी क्षेत्रका वा शिक्षाको महत्व बुझेका अभिभावकहरु आफ्ना केटाकेटी निजी क्षेत्रबाट संचालित विद्यालयहरुमै पढाउन चाहन्छन् । फलस्वरु सार्वजनिक प्राथमिक विद्यालयहरुको शैक्षिक एवं शैक्षणिक अवस्था झनझन खस्कदै गएको पाइन्छ (CERID २०५१) ।

शाक्य (२०६०) ले तयार पार्नु भएको शिक्षा विकास तथा अनुसन्धानका अनुसार एसियाका अरु देशहरुसँग तुलना गरेर हेऱ्यौं भने हामी झन निराश हुन्छौं । सन् १९५६ मा एशियामा अनिवार्य निःशुल्क शिक्षा दिन कराँची प्लान नामक योजना लागू गरियो । उक्त योजनाको लक्ष्य थियो ७ वर्षको प्राथमिक शिक्षा सबै बालबालिकाहरुलाई सन् १९८० भित्र उपलब्ध गराउने । उक्त योजना लागू भएपछि एसियाका धेरै जसो देशहरुले आफ्ना देशका वालवाललिकाहरुलाई प्राथमिक शिक्षा उपलब्ध गराउन सके, नेपालले सकेन । त्यसपछि सन् १९९० मा सवैका लागि शिक्षा नाम विश्व सम्मेलन भयो । उक्त योजनाले सन् २००० सम्ममा सवैलाई ५ वर्ष सम्मको प्राथमिक शिक्षा उपलब्ध गराउने लक्ष्य राख्यो (शाक्य २०६०) ।

नेपाल (२०६४) ले तयार पार्नु भएको नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना का अनुसार नेपालले सवैका लागि शिक्षा सम्बन्धि सन् १९९० मा थाइल्याण्डको जोमटेनमा भएको विश्व सम्मेलनमा भाग लिइ सन् २००० सम्म मा ६-१० वर्ष उमेर समूहको सबै वालवालिकालाई प्राथमिक शिक्षाको अवसर दिइसक्ने प्रतिवद्धता व्यक्त गरेको उक्त लक्ष्य आंशिक मात्र पूरा भएको र सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा

मञ्चबाट २०१५ सम्म यो लक्ष्य पूरा गरी सक्ने पुनः प्रतिवद्धता व्यक्त गरेको छ (नेपाल २०६४) ।

सबैका लागि शिक्षा विश्व अनुगमन प्रतिवेदन २००२ का अनुसार प्राथमिक शिक्षाको सहभागिताको मूल्याङ्कन गर्दा आइपर्ने एउटा समस्या भनेको आधिकारीक तथ्याङ्क (कुल भर्नादर तथा खुद भर्नादर हिसाब गर्ने आधार) ले यस्ता विद्यार्थी सङ्ख्या पनि समावेश गरेको हुन्छ जो औपचारिक रुपमा मात्र विद्यार्थी भनेर दर्ता भएका हुन्छन् तर उनीहरु विद्यालयमा उपस्थित हुन्छन् की हुदैनन् भन्ने कुरा निश्चित हुँदैन । यस विषयलाई समीक्षा गर्न उपस्थिति दर सम्बन्धी भएको जानकारी नियमति रुपमा नभइ घरधुरी सर्वेक्षण माध्यमबाट संकलन गरिन्छ । उपस्थितिको बारेमा गरिएका अनुमान सरकारले उपलब्ध गराएको भर्ना सम्बन्धी तथ्याङ्कका आधारमा तयार भएका खुद भर्नादर सम्बन्धित तथ्याङ्क भन्दा पनि न्यून र कतिपय अवस्थामा अत्यधिक न्यून छ । २५ घरधुरीमा सर्वेक्षणबाट प्राप्त भएका उपस्थिति दर तिनका क्रमशः खुदभर्नादरको अनुमान भन्दा औसत १४ प्रतिशतले न्यून छ । यसले अधिकांश मुलुकमा भर्ना सम्बन्धी तथ्याङ्कको सत्यतामा प्रश्न उठाउँदछ जहाँ विद्यार्थीले वर्षको प्रारम्भमा भर्ना त हुन्छन् तर त्यसपछि नियमित उपस्थिति हुँदैनन् (सवैका लागि शिक्षा विश्व प्रतिवेदन २००२) ।

वखती (२०६१) ले तयार पार्नुभएको भक्तपुर जिल्लाको सार्वजनिक प्राथमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले विचैमा पढाइ छाड्ने कारणहरु अनुसार विकासको मेरुदण्ड मानिने शिक्षामा पहुँच पुग्न नसक्नु अवश्य नै चिन्ताको विषय हो । नेपालको शैक्षिक स्थितिलाई आंकलन गर्न गठन भएको नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०१० ले तत्कालिन अवस्थामै पनि मुलुकभर शिक्षा फैलाउनका निमित्त निःशुल्क र अनिवार्य शिक्षा हुनपर्छ भनी जोड दिएको थियो । यस कुरालाई श्री ५ को सरकारले आत्मसात गरी विभिन्न कार्यक्रम परियोजना मार्फत ठूलो धनराशी प्राथमिक शिक्षामा खर्च गर्दै आइरहेको छ । यसको परिणाम स्वरुप प्राथमिक विद्यालयमा वर्षेनी विद्यार्थीसंख्या बढ्नुको साथै विद्यालय संख्या पनि त्यतिकै बढेको पाइन्छ, तर सरकारले गरेको खर्च बमोजिमको परिणाम हाँसिल हुन सकिरहेको छैन । विविध कारणले गर्दा अझै २०% जति वालवालिका विद्यालय प्रवेश हुन सकेका छैनन् भन्ने विद्यालय प्रवेश भएका विद्यार्थीहरु मध्ये केही विद्यार्थीहरुले आफ्नो अध्ययन पुरा गर्न सकिरहेको छैनन् । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको लागि यो एउटा ठूलो चुनौती राष्ट्रिय समस्या तथा शैक्षिक क्षति हो (वखती २०६१) ।

गणेश (२०६५) ले तयार पार्नु भएको पथरिया स्रोत केन्द्र झापाको प्राथमिक तहमा उदार कक्षोन्नतिले कक्षा छाड्ने दरमा पारेको प्रभावका अनुसार सन् २००० मा सेनेगलको राजधानी डकारमा बसेको विश्व शिक्षा मञ्चको दोस्रो बैठकले "सवैका लागि शिक्षा" को घोषणा पत्र र कार्य ढाँचा अघिसारी सकेको छ । सन् २०१५ सम्ममा EFA को लक्ष्य प्राप्त गर्न सबै वालवालिकालाई गुणस्तरीय प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिवद्धता हाम्रो देश नेपालले अंगिकार गरिसकेको छ । जस अनुसार नेपालको प्राथमिक शिक्षा सुधार गर्न आफ्नो शिक्षा बजेटको आधा भन्दा बढी खर्च प्राथमिक तहमा गर्छ तर पनि प्राथमिक शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन सकेको छैन । प्राथमिक शिक्षा उमेरका सबै वालवालिकाहरु विद्यालयमा भर्ना भएका छैनन् । विद्यालयमा भर्ना भएको विद्यार्थी मध्ये पनि बीचैमा विद्यालय छाड्ने अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउनेको संख्या उल्लेखनीय भएकाले सो समस्या राष्ट्रका सामु जटिल चुनौतिको रुपमा उभिएको छ (गणेश, २०६५) ।

## २.३. शैक्षिक उपादेयता

कुनै पनि विषय वस्तु, घटना सम्बन्धी अनुसन्धानको लागि विश्वव्यापी रुपमा स्थापित भइसकेको सिद्धान्तहरु र सम्बन्धित विभिन्न साहित्यहरुलाई आधार मानेर कुनै पनि अध्ययन अनुसन्धान गर्दा अनुसन्धानले रुप लिन सक्छ । यहाँ विद्यालयहरुमा विद्यार्थी भर्ना व्यवस्थापन शीर्षकमा शोध कार्य गर्न शोध प्रस्ताव गरिएको छ ।

वास्तवमा आर्थिक एवं सामाजिक रुपान्तरणको आधारशिला शिक्षा हो । शिक्षा प्राप्त गर्ने औपचारिक थलो विद्यालय हो । विद्यालय उमेर समूहका वालवालिका विद्यालयमा भर्ना भए मात्र शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बन्न सक्छ र शिक्षाको उद्देश्य पूरा हुन्छ । त्यसैले शिक्षाको उद्देश्य पूरा गर्न र विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यार्थी भर्नाले महत्वपूर्ण भूमिका खेल्छ । यस अर्थमा Taylor ले दिएको सिद्धान्तले कुनै पनि संघसंस्थामा कार्यरत कर्मचारीको कार्यक्षमतामा वृद्धि गर्नुपर्दछ भन्ने कुराले पनि विद्यार्थी भर्नामा सहयोग पुग्दछ । यसै गरी Follet का अनुसार संघ संस्थामा उत्पादन बढाउन मानवीय सम्बन्ध विकास गनुपर्छ । जति विद्यार्थी भर्नादर बढ्छ त्यतिकै मानवीय सम्बन्ध बढी व्यवस्थापन राम्रो हुनसक्छ ।

त्यसै गरी पूर्व साहित्यको अध्ययनलाई आधार मान्दा पूर्व साहित्यको समीक्षाबाट विद्यालयमा देखा पर्ने भर्ना समस्या, व्यवस्थापनको समस्या जस्ता कुराहरु बुझ्न र त्यसका भएका समस्या केलाउनु पूर्व साहित्यको अनुसरण गर्दै शोध कार्य सरल र सहज हुने पुष्टि हुन्छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१. अनुसन्धान ढाँचा

अध्ययन अनुसन्धान गर्ने क्रममा नमूना छनौट गरिएका विद्यालयका प्र.अ., वि.व्य.स. पदाधिकारीहरु, स्रोत व्यक्ति, शिक्षकसँग प्रश्नावली, अन्तरवार्ता, अवलोकन, अभिलेख अध्ययन विधिहरु अपनाई प्राप्त सूचना तथा तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा शोधपत्र प्रस्तुत गरिनेछ ।

### ३.२. तथ्याङ्क सङ्कलन प्रक्रिया

३.२.१ जनसङ्ख्या

यस अध्ययनको लागि शोधकर्ताले तेह्रथुम जिल्ला इसिबू स्रोत केन्द्रमा रहेका १६ वटा विद्यालयहरु अन्तर्गत निम्न जनसंख्यालाई शोध कार्यका सिंगो जनसंख्याको आकारको रुपमा लिइने छ ।

विद्यालयको संख्या : १६, प्र.अ. संख्याः १६ स्रोत व्यक्तिः १, शिक्षक संख्याः ९४ वि.व्य.स. पदाकिारीहरुः १४४ वि.नि.: १

३.२.२. नमूनाको आकार

अध्ययनको लागि निर्धारण गरिएको पुरै जनसङ्ख्यालाई प्रत्यक्ष सम्पर्क गर्नु र अनुभव लिनु चुनौतीपूर्ण हुन्छ । अध्ययनको विषयलाई केन्द्रीत गरी निर्धारित जनसङ्ख्याबाट प्रतिनिधि मुलक नमूना छनौट गर्दा समस्याको समाधान प्रक्रियामा सरलता आउँछ । र तसर्थ जनसङ्ख्या भित्रका सवैपक्षको प्रतिनिधित्व हुने गरी नमूनालाई आकार दिइनेछ ।

अध्ययनको लागि निम्नानुसारको प्रतिनिधिमुलक नमूना छनौट गरिने छ ।

| क्र.सं. | विद्यालयको नाम | प्र.अ. | वि.व्य.स. | शिक्षक | अभिभावक | वि.न. | स्रोत व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १. | श्री इसिबू उ.मा.वि. इसिबू | १ | १ | २ | २ | | |
| २. | श्री सिंहदेवी नि.मा.वि. लायम्वा इसिबू | १ | १ | २ | २ | | |
| ३. | श्री जलेश्वर नि.मा.वि. भदौरे, इसिबू | १ | १ | २ | २ | १ | १ |
| ४. | श्री सिंहवाहिनी प्रा.वि. गैरी टोल | १ | १ | २ | २ | | |
| ४. | श्री जलपादेवी प्रावि. वतासे | १ | १ | २ | २ | | |
| | जम्मा | ५ | ५ | १० | १० | १ | १ |

### ३.२.३. नमूना छनौट विधि

यस अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न तोकिएको नमूनाको आकार छनौट गर्दा प्र.अ., स्रोतव्यक्ति, वि.व्य.स., वि.नि. उद्देश्यपूर्ण छनौट विधि शिक्षक वि.व्य.स. पदाधिकारीहरु, अभिभावकलाई चिठ्ठा प्रणाली विधिद्वारा छनौट गरिएको छ ।

### ३.२.४. नमूना छनौटको आधार

अध्ययनको लागि नमूना छनौट गर्दा कुल जनसंख्यालाई समेट्ने गरी प्रतिनिधिमुलक जनसंख्यालाई लिनुपर्ने मान्यतालाई आधार मानी नमूना छनौट गरिनेछ । विशेष गरेर जनसंख्या भित्रका सामुदायिक विद्यालयका अनुभवी एवं समस्यासँग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका साथै भू-बनोट जस्ता कुरालाई आधार मानी नमूना छनौट गरिएको छ ।

### ३.३. अनुसन्धानका साधन

शैक्षिक अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन निश्चित साधनहरुको आवश्यकता पर्दछन् । सूचना, तथ्याङ्क सङ्कलनको निम्ति अध्ययन गर्दा निम्न बमोजिमका अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ ।

### ३.३.१. अन्तरवार्ता

अध्ययनका लागि नमूना जनसंख्या भित्रका विषयमा वि.नि., स्रोत व्यक्ति, प्र.अ., वि.व्य.स. पदाधिकारीहरु अभिभावक शिक्षा प्रेमीहरुलाई सम्बन्धित विषयमा मौखिक रुपमा प्रश्नहरु सोधी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२. प्रश्नावली

अध्ययनको लागि छनौट भएका नमूना जनसङख्या भित्रका प्र.अ., शिक्षकहरु, वि.व्य.स. पदाधिकारीहरु, वि.नि. स्रोत व्यक्तिलाई लिखित रुमा प्रश्नावली निर्माण गरी सूचना तथ्याङ्क सङ्कलन गरिनेछ प्रश्नावली गर्नु अगावै विषय वस्तुको समेत परिचय गराइने छ । तथ्याङ्क सङ्कलनकालागि तयार गरिने प्रश्नावली अनुसूचीमा प्रस्तुत गरिएकोछ ।

### ३.३.३. अभिलेख अध्ययन

अनुसन्धानका लागि विद्यालय सुधार योजना, वि.व्य.स. बैठक पुस्तिका, निरिक्षण पुस्तिका आदिको अध्ययन गरिएको छ ।

## ३.४. तथ्याङ्क संकलनका स्रोतहरु

### ३.४.१. प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनको लागि छनौट गरिएको नमूना जनसङ्ख्यामा पर्ने सम्बन्धित प्र.अ., शक्षिकहरु, वि.व्य.स. पदाधिकारीहरु, वि.नि. स्रोत व्यक्ति, शिक्षाप्रेमीहरुलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.४.२. द्बितीय स्रोत

तथ्याङ्क सङ्कलनको लागि निरिक्षण पुस्तिका, स्टाफ बैठक, वि.व्य.स. बैठक पुस्तिका, शैक्षिक अभिलेख, विद्यालय सुधार योजना, शैक्षिक रचनाहरु, पत्रपत्रिका, शैक्षिक प्रतिवेदनहरु साथै विभिन्न प्रकाशित पुस्तकहरुमा प्राप्त सूचना तथ्याङ्कहरुलाई द्बितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.५. तथ्याङ्कको प्रस्तुती विश्लेष्ण र व्याख्या

तथ्याङ्कलाई तालिका, प्रतिशत, स्तम्भचित्र आदिको माध्यमबाट प्रस्ट पारिने छ र तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली तयार गरिने छ र तोकिएको व्यक्तिहरुलाई प्रश्नावली भराई प्राप्त भएको तथ्याङ्कलाई विश्लेषण गरि समस्या समाधानका उपायहरु पत्ता लगाइएकोछ ।

## अध्ययन - चार

## तथ्याङ्कको व्याख्या विश्लेषण

तथ्याङ्कलाई केलाउने र विश्लेषण गर्ने क्रममा तेह्रथुम जिल्ला इसिबू स्रोत केन्द्र भित्र नमूनामा रहेका विद्यालयहरुको विद्यार्थी भर्नाको वर्तमान अवस्था, विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरुको विश्लेषण, विद्यार्थी भर्नादर कम वा बढी हुँदा व्यवस्थापनमा आउने समस्याहरु र विद्यार्थी भर्नादर कम हुँदा व्यवस्थापनमा आएका समस्याहरुको समाधान गर्ने उपायहरु जस्ता शीर्षकहरु भित्र रही व्याख्या विश्लेषण गर्ने प्रयास गरेको छु ।

### ४.१ इसिबू स्रोत केन्द्रभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको वर्तमान अवस्थाः

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको अवस्था घटेको वा बढेको हेर्नका निमित्त म सोधकर्ता स्वयं विद्यालयको स्थलगत अध्ययनको लागि नमूनाभित्र रहेका विद्यालयमा गई विद्यार्थी संख्या विगत ३ वर्षको तथ्याङ्क लिने काम गरियो जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

कक्षागत विद्यार्थी विवरण

| सि.नं. | विद्यालयको नाम | साल | कक्षागत विद्यार्थी विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| १ | श्री इसिबू उच्च मा.वि. | २०६५ | १२१ | ३६ | २७ | २४ | २२ |
| | | २०६६ | ११७ | ३२ | २६ | २५ | २३ |
| | | २०६७ | ८७ | ३७ | ३८ | २२ | २० |
| २ | श्री सिंहदेवी नि.मा.वि. | २०६५ | ५४ | ४२ | ३५ | ३० | २८ |
| | | २०६६ | ५१ | ३७ | ३२ | २७ | २२ |
| | | २०६७ | ४८ | ३८ | ३१ | २४ | २० |
| ३ | श्री जलेश्वर नि.मा.वि. भदौरे | २०६५ | २५ | २० | १७ | २० | १८ |
| | | २०६६ | २३ | २१ | १५ | १४ | १२ |
| | | २०६७ | २१ | २७ | १५ | १३ | ११ |
| ४ | श्री सिंहदेवी प्रा.वि. गैरीटोल | २०६५ | २० | १३ | १२ | १५ | ११ |
| | | २०६६ | १६ | ११ | १२ | १२ | १० |
| | | २०६७ | १४ | १२ | १३ | १० | ९ |
| ५ | श्री जलपादेवी प्रा.वि. बतासे | २०६५ | १८ | १२ | १० | ११ | ९ |
| | | २०६६ | १७ | १० | ९ | ९ | ७ |
| | | २०६७ | १७ | १० | ९ | १० | ७ |

स्थालगत अध्ययन २०६७

माथि उल्लेखित भर्ना अभिलेखलाई अध्ययन र व्याख्या विश्लेषण गर्दा हरेक शैक्षिक वर्षमा केहि न केही विद्यार्थी संख्या घटेको नै देखिन्छ । यसरी विद्यार्थी संख्या विद्यालयहरुमा घटिरहनुका पछि के-के तत्वहरुले असर गरेको छ भन्ने कुरा अध्ययन गर्नै पर्ने हुन्छ ।

### ४.२ विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरुको विश्लेषण :

यहाँ सोधकर्ता स्वयंको स्थलगत अध्ययन, शिक्षक, अभिभावक, वि.व्य.स., प्र.अ. र स्रोत व्यक्तिहरुसँग गरिएको प्रश्नावलीका उत्तरहरुबाट वर्तमान अवस्थामा विद्यार्थी भर्नादरमा प्रभाव पार्ने मुख्य तत्वहरु के-के हुन ? भनि सोधिएको प्रश्नहरुमा निम्नानुसार उत्तर प्राप्त भएको छ ।

तालिक नं. २

विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरुको प्राप्त विवरण

| सि. नं. | उत्तरहरु | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | | अभिभावक | | कुल संख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रति शत | | |
| १ | आर्थिक | १ | २०% | १ | १०% | १ | २०% | १ | १०% | ४ | १२.५% |
| २ | सामाजिक | | | | | | | १ | १०% | १ | ३.१२% |
| ३ | पारिवारिक | | | १ | १०% | १ | २०% | १ | १०% | ३ | ९.३७% |
| ४ | शैक्षिक | | | २ | २०% | १ | २०% | | | ३ | ९.३७% |
| ५ | अन्ध विश्वास | | | | | | | १ | १०% | १ | ३.१२% |
| ६ | बोर्डिङ तर्फको आकर्षण | ३ | ६०% | ६ | ६०% | २ | ४०% | ५ | ५०% | १७ | ५३.१२ % |
| ७ | सेवा क्षेत्रको जनसंख्या | | | | | | | | | १ | ३.१२% |
| ८ | द्वन्द | १ | २०% | | | | | १ | १०% | २ | ६.२५% |

वि.नि. १ - बोर्डिङ तर्फको आकर्षण


स्रोत व्यक्ति १ - सेवा क्षेत्रको जनसंख्या

जम्मा नमूना संख्या - ३२

स्थलगत अध्ययन २०६७

यस स्रोत कर्ताले विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्व कुन हो भन्ने प्रश्नका आधारमा प्राप्त उत्तरहरुबाट आएका उत्तरहरुलाई पाई चार्टमा देखाउदा निम्नानुसार देखाउन सकिन्छ ।

चित्र नं. १




माथिको तथ्याङ्कले अभिभावक, शिक्षक, प्र.अ. वि.व्य.स. र स्रोत व्यक्ति, वि.नि.सँग गरिएको प्रश्नावली र त्यसबाट प्राप्त भएको विवरणले अभिावकको बोर्डिङ्ग तर्फको आकर्षणलाई भर्नादरमा प्रभावित पार्ने मुल तत्व मानेको छ । यसै गरी आर्थिक, पारिवारिक, शैक्षिक, सामाजिक, द्वन्द र सेवा क्षेत्रको जनसङ्ख्या समेतले भर्नादरमा केही न केही प्रभाव पारेको पाइयो । यस सेवा क्षेत्रमा रहेका टाठाबाठा अभिभावकहरु आफ्ना वालवालिकालाई राम्रो ठाउँमा पढाउने उद्देश्य राख्ने हुनाले आफ्नो आर्थिक स्थिति राम्रो हुनेहरुले नजिकैको सामुदायिक विद्यालयमा विद्यर्थी भर्ना नगराई वोर्डिङ तर्फ सदरमुकाम वा अन्यत्र लाने गरेको पाइन्छ भन्ने धारणा माथिको तथ्याङ्कको ५३.१२ प्रतिशतबाट पुष्टि भयो ।

यो शोधकर्ताले गरेको शोधकार्य पहाडी क्षेत्र भएको र त्यस क्षेत्रमा वसोवास अधिकांश अभिभावको आर्थिक स्थिति कमजोर रहेको कारण पनि जेनतेन छोरालाई विद्यालय पठाउने र छोरीलाई घरको काम लगाउने गरेको पाइन्छ । यसरी पनि भर्नादर आर्थिक स्थितिले १२.५ प्रतिशत प्रभावित भएको पाइयो ।

यस क्षेत्रमा वसोवास गर्ने अभिभावकहरु सामाजिक रुपले पिछडिएको अवस्था देखिन्छ । अधिकाशं अभिभावकहरु खेतीपाती गर्ने घरको कामलाई बढी महत्व दिने र भ्याएका वेला मात्र विद्यालय पठाउने परिपाटी रहेको छ । विद्यालय गएकाहरुले पनि प्राथमिक तह पूरा नगर्ने र वीचमा पढाइ छाड्ने र विद्यार्थी संख्या घट्ने समस्या कहाली लाग्दो समस्या देखिन्छ । तथापि सामाजिक परिवेशले ३.१२ प्रतिशतले भर्नादर प्रभावित भएको पाइयो ।

अधिकाशं परिवारमा खाने लाउनेको समस्या भएको र दैनिक ज्याला मजदुरी गरी विहान बेलुका खाना खानु पर्ने वाध्यता रहेका कारण त्यस्ता परिकारको विद्यालय जाने र पढ्ने

कुरामा ध्यान पुगेको देखिदैन । पारिवारिक कारणले विद्यालयको भर्नादरमा ९.३७ प्रतिशतले प्रभावित पारेको पाइयो । ग्रामिण क्षेत्रमा रहेका अधिकाशं वस्तिका अभिभावकहरु अझ पनि आफै अशिक्षित छन् । अझ पनि उनीहरुले शिक्षाको महत्व राम्ररी बुझेका छैनन् । धेरै जसो शिक्षाको वारेमा चाख चासो राख्नु भन्दा खेतीपाती, पशुपालन र अन्य घरेलु धन्दामै अलमलिएको पाइन्छ । त्यसैले गर्दा आफ्ना नानीहरुलाई विद्यालय भर्ना गराउने कुरामा खासै ध्यान दिदैनन् । परिवारमा शिक्षित अभिभावक नभएका कारण भर्नादरमा ९.३७ प्रतिशतले प्रभाव पारेको पाइयो । परम्परागत सोंच र धारणा भएका अभिभावकहरुले पनि आफ्ना वच्चाहरुलाई विद्यालय भर्ना नगरेको पाइन्छ । अन्धविश्वासका कारण भर्नादरमा ३.१५ प्रतिशत प्रभावित भएको पाइयो । सेवा क्षेत्रको जनसंख्याको स्थितिले समेत भर्नामा प्रभाव पार्ने स्पष्ट छ । जहाँ वस्ति वाक्लो छ त्यहाँ विद्यार्थी भर्ना बढी हुने र वस्ती पातलो भएका ठाउँमा विद्यार्थी भर्ना कम हुने देखिन्छ । सेवा क्षेत्रको जनसंख्याले विद्यार्थी भर्नादरमा ३.१२ प्रतिशतले प्रभावित पारेको पाइयो । द्वन्दको कारणले समेत भर्नादरमा ६.२५ प्रतिशतले प्रभावित पारेको पाईयो ।

### **४.३ विद्यालयमा विद्यार्थी भर्ना न्यून हुनका कारणहरु :**

विद्यालयहरुमा विद्यार्थी भर्ना न्युन हुनका कारणहरु के के हुन ? भन्ने प्रश्नको सवाल जवाफमा शिक्षक, वि.व्य.स. पदाधिकारी, प्र.अ. र श्रोत व्यक्तिबाट निम्न अनुसारको उत्तरहरु प्राप्त भएका छन् ।

तालिका नं. ३


विद्यार्थी भर्ना न्यून हुनाका कारणहरु :

| सि. नं. | उत्तरहरु | शिक्षक | | प्र.अ. | | वि.नि./स्रोत व्यक्ति | | कुल संख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | शिक्षक दरवन्दी नभएर | ६ | ६०% | १ | २०% | १ | ५०% | ८ | ४७.०५% |
| २ | प्रति बच्चा अनुदान घट्ने | ३ | ३०% | ३ | ६०% | १ | ५०% | ७ | ४१.१७% |
| ३ | कक्षागत शिक्षकको कमी | १ | १०% | १ | २०% | - | - | २ | ११.७६ |
| ४ | शिक्षण सिकाई सामग्रीको अभाव | - | - | - | - | - | - | - | - |

स्थलगत अध्ययन २०६७

माथिको प्राप्त विवरणलाई पाईचार्टमा उल्लेख गर्दा निम्नानुसार व्यक्त हुन्छ।

चित्र नं. २




मौजुदा नेपालको शिक्षा ऐन र नियमावली अनुसार प्रति ४० विद्यार्थीमा एक जना शिक्षकको दरवन्दी हुने हुँदा विद्यालयमा विद्यार्थी भर्ना घट्दै गए स्वतः दरवन्दी घट्नै जाने वर्तमान परिपाटी रहेको कारण शिक्षक दरवन्दी घट्ने माथिको तथ्याङ्कले ४७.१५ प्रतिशत व्यक्तिहरुको धारणा प्राप्त भयो । अहिले वर्तमान अवस्थामा प्रत्येक विद्यालयमा दिइने अनुदान र खर्चहरु त्यस विद्यालयमा रहेका विद्यार्थी संख्याको आधारमा निकासा हुने भन्ने कुरा प्र.अ., शिक्षक र स्रोत व्यक्ति बताउनुहुन्छ। त्यसो भएकाले जति विद्यार्थीको संख्या कम हुँदै जान्छ त्यति नै विद्यालयमा आउने पि.सि.एफ. अनुदान, छात्रवृत्ति, प्रशासनिक खर्च घट्ने भएकाले पनि विद्यालय संचालनमा ठूलो समस्या आउने धारणा माथिको तथ्याङ्कले स्पष्ट

गरेको छ । यसका कारण प्रतिबच्च अनुदान ४१.१७ प्रतिशतले व्यक्तिहरुको धारणामा घट्दै जाने राय आएको छ ।

प्राथमिक तह भन्नाले हाल कक्षा १ देखि ५ सम्म बुझिन्छ । कतिपय विद्यालयहरुमा वालकक्षा तथा कतिपयमा नर्सरी कक्षा समेत संचालित रहेको अवस्थामा शिक्षक दरवन्दीमा हुने कटौतीले प्रत्येक कक्षामा कक्षागत शिक्षक नहुने र बहुकक्षा शिक्षण गर्नु पर्ने अवस्था सृजना हुन्छ भन्ने कुरा प्र.अ. शिक्षक अभिभावहरुले राख्नुभयो । यस पक्षमा ११.७५ प्रतिशतको राय व्यक्त भएको छ । प्राथमिक तहमा कक्षा शिक्षणका लागि सिकाई सामग्री महत्वपूर्ण साधन हो । सरकारी तवरबाट आउने अनुदान घट्न गएपछि विद्यालयले खरिद गरेर ल्याउने सामग्री ल्याउन नसक्ने अवस्थामा जानाले विद्यालयमा सिकाईका सामग्रीहरुको अभाव हुने देखिन्छ भन्ने राय नगन्य रुपमा व्यक्त भयो ।

## ४.४. विद्यालय व्यवस्थापनले विद्यार्थी भर्ना व्यवस्थापनमा खेलेको भूमिका :

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्ना घट्दै जाँदा विद्यालय संचालन र व्यवस्थापन थुप्रै समस्याहरु आउने कुरा स्थलगत अध्ययन, छलफल, भेटघाटहरुबाट प्रष्ट भयो । यो समस्याहरुलाई अव कसरी समाधान गर्न सकिन्छ भन्ने प्रश्नको जिज्ञासामा अभिभावक, शिक्षक, प्र.अ. र स्रोत व्यक्ति ज्यूहरुबाट निम्न अनुसारका उपायहरु प्राप्त भएका छन् ।

क. भर्ना अभियान चलाउने:

विद्यार्थी भर्नादर न्यून रहेका विद्यालयहरुले शैक्षिक शत्रको शुरुमै विभिन्न कारणले विद्यालयमा भर्ना नभै घरमै रहेका वालवालिकालाई विभिन्न प्रोत्साहन कार्यक्रमका साथ भर्ना अभियान चलाई विद्यालयमा विद्यार्थी भर्नादर बढाउनु पर्दछ ।

ख. वैकल्पिक आर्थिक स्रोतको खोजी :

सामुदायिक विद्यालयहरुमा विद्यालय संचालनको लागि सरकारी तवरबाट विभिन्न अनुदानहरु आउने र ती अनुदानको बाटोबाट विद्यालयहरु चल्ने गरेका छन् । विद्यार्थी भर्ना संख्या घट्दै जाँदा सरकारी अनुदान समेत घट्दै जाने हुनाले विद्यालयहरुले विद्यालयको शिक्षण सिकाईको वातावरण प्रभावकारी बनाउन वैकल्पिक स्रोतहरु समेत खोजी गरिनु पर्दछ ।

ग.  अंग्रेजी माध्यमका विषय थप गर्ने :

विद्यालय समुदायमा रहेका टाठाबाठा अभिभावक र आर्थिक स्थिति राम्रो भएका अभिभावकहरु आफ्ना नानीहरुलाई वोर्डिङ तर्फ लैजाने गरेको पाइएकाले सामुदायिक विद्यालयको प्राथमिक तहमा कमजोर अवस्थामा रहेको शिक्षण सिकाई वातावरणलाई संस्थागत विद्यालयको दाँजोमा लगि प्रभावकारी बनाउन सामुदायिक विद्यालयको प्राथमिक तहमा नै अंग्रेजी माध्यमका विषयहरु थप गरी शिक्षण सिकाई गर्न जरुरी देखिन्छ ।

घ.  कक्षागत दरवन्दी सृजना गरिनु पर्ने :

नेपाल देश आफैमा भौगोलिक रुपमा विकट भएका कारण नेपालका पहाडी, हिमाली वस्तिहरु पातला छन् । जनघनत्व कम छ त्यस कारणले विद्यालय उमेरका वालवालिका कम नै छन् । विद्यालयहरुमा विद्यार्थी स्वभाविक ढंगले कमी हुने गर्दछन् । त्यसैले भर्ना समसयाबाट उत्पन्न हुने अफठ्यारालाई समाधान गर्न विद्यालयहरुमा संचालित कक्षाका आधारमा विद्यालयहरुलाई दरवन्दी दिइनु पर्दछ ।

ङ.  सरकारी अनुदानको नीतिमा परिवर्तन :

हाल नेपालका विद्यालयहरुलाई दिइने अनुदानको नीति विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको तथ्याङ्कको आधारमा दिइने चलन छ । यस प्रकारको नीतिले थोरै संख्यामा विद्यार्थी भएका विद्यालयहरुमा संचालनमा थुप्रै खालका समस्याहरु आउँछन् । त्यसैले जनसंख्याको आकार बनावट र भौगोलिक अवस्था हेरेर सरकारी अनुदान दिइने नीति अवलम्वन गरिनु जरुरी भएको अध्ययन, भेटघाट र छलफलबाट प्राप्त भएको छ । यसैगरी तथ्याङ्कको व्याख्या विश्लेषण अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभावलाई मैले चार भागमा विभाजन गरी ति अध्ययनको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरेको छु । ती चार भागहरु निम्नअनुसार छन् ।

१.  शिक्षकहरलाई सोधिने प्रश्न र ती प्रश्नहरुबाट आएका उत्तरहरु
२.  अभिभावक र वि.व्य.स. लाई सोधिने प्रश्न र ती प्रश्नहरुबाट आएका उत्तरहरु
३.  प्रधानाध्यापकलाई सोधिने प्रश्न र ती प्रश्नहरुबाट आएका उत्तरहरु
४.  स्रोत व्यक्ति/वि.निलाई सोधिने प्रश्न र ती प्रश्नहरबाट अएका उत्तरहरु

### ४.५ प्रश्नावलीको आधारमा गरिएको व्याख्या विश्लेषण

#### ४.५.१ शिक्षकहरुलाई सोधिने प्रश्न रती प्रश्नहरुबाट आएका उत्तरहरुः

यस शोधकर्ताले स्थलगत भ्रमणको क्रममा प्रश्नावली बनाई नमूनामा परेका विद्यालयहरुबाट २/२ जना शिक्षकहरुलाई प्रश्नावली दिई उत्तर लिने प्रयास गरिएको छ । जसमा शिक्षकहरुलाई विगत वर्षको तुलनामा के विद्यार्थी भर्ना घट्दै गएको छ ? भन्दा प्राय सवै शिक्षकहरुले भर्नादर घटेको स्वीकार्नु भएको छ । यसैगरी के कारणले विद्यार्थी भर्ना घटेको छ ? भन्ने सवालको जवाफमा मिश्रित प्रतिक्रिया रहेको छ । धेरै जसो शिक्षकले अभिभावकहरुको आकर्षण वोर्डिङ तर्फ भएका कारण भन्ने उत्तर दिनु भएको छ भने केहिले सामुदायिक विद्यालयको प्राथमिक तहमा सिकाईको राम्रो व्यवस्थापन नभएर पनि भर्ना दर न्यून रहेको मन्ने उत्तर आएको छ भने सेवा क्षेत्रमा विद्यालय उमेरका वालवालिकाको कमी भएकै कारण विद्यार्थी भर्नादर न्यून भएको वताएका छन् । यसरी भर्नादर घट्नाले शिक्षक दरवन्दी घट्ने, शिक्षण सिकाई व्यवस्थापनमा विभिन्न असरहरु देखापर्ने बताउनु हुन्छ । यसरी घटिरहेको भर्नादर बढाउन अभिभावकको वोर्डिङ तर्फको आकर्षण घटाउन विद्यालयहरुमा नै थप व्यवस्थापन गर्ने कुरामा जोड दिएको पाइन्छ ।

#### ४.५.२ अभिभावक र वि.व्य.स. लाई सोधिने प्रश्न ती प्रश्नहरुबाट आएका उत्तरहरुः

अध्ययनको क्रममा अधिकांश अभिभावकहरुलाई सोधिएको सवाल जवाफमा खासै तथ्यपरक उत्तरहरु आएनन् । कतिपय अभिभावकहरुले राम्रो पढाई नभएकाले वोर्डिङ लगेको, कतिपयले घरमा काम भएकाले विद्यालय नपठाएको उत्तर दिएका छन् । वि.व्य.स. पदाधिकारी समेतले भर्नादरको वारेमा अनभिज्ञता जाहेर गरे । उनीहरुले विद्यालयमा सिकाईको राम्रो वातावरण नभएर पनि अभिभावकले आफ्ना नानीहरु बोर्डिङ लगेको स्वीकारे । विद्यालयको सिकाईको वातावरण राम्रो बनाउन सकेमा विद्यार्थीको भर्नादर केही बढ्न सक्ने समेत उल्लेख गरेको पाइयो ।

#### ४.५.३ प्रधानाध्यापकहरुलाई सोधिले प्रश्न र ती प्रश्नहरुबाट आएका उत्तरहरुः

विद्यालयको स्थलगत अध्ययन भ्रमणका क्रममा प्र.अ. ज्यूहरुसँग लिइएको अन्तर्वाता, छलफल र प्रश्नावलीबाट आएका उत्तरहरुलाई अध्ययन र विश्लेषण गरी केलाउँदा हाल सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर क्रमशः घट्दै गएको र त्यसले

विद्यालयको शैक्षिक व्यवस्थापन नराम्रो असरहरु परिरहेको स्वीकार्नु भएको छ । विद्यालयमा विद्यार्थी भर्ना नियमित रुपमा घट्नुका पछि पातलो वस्ती हुनु, अभिभावकहरुले पनि आफ्ना नानीहरुलाई वोर्डिङमा भर्ना गर्नु जस्ता कारणले विद्यालयमा भर्नादर न्यून भएको छ भन्ने उत्तर प्राप्त भएको छ । यसै गरी शिक्षक दरवन्दीको वारेको सवाल जवाफमा २ जना प्र.अ. हरुले आफ्नो विद्यालयको विद्यार्थी संख्या घटेको कारण दरवन्दी काटिएको बताएका छन् । भने यसले कक्षा अनुसार शिक्षक नहुनु, आर्थिक अभाव हुनु जस्ता समस्याले शिक्षण सिकाई व्यवस्थापन नराम्ररी प्रभावित भएको बताएका छन् । प्र. अ.ज्यूहरुको सवाल जवाफ वर्तमान सरकारी नीतिमा परिवर्तन गरी कक्षाका आधारमा शिक्षक दरवन्दीको सृजना गरिनु पर्ने, सामुदायिक विद्यालयको प्राथमिक तहमा अंग्रेजी माध्यममा कक्षा संचालन गर्न सके मात्र विद्यार्थीहरुको भर्नादर बढाउन सकिने प्र.अ. हरुको राय रहेको छ ।

### ४.५.४ स्रोत व्यक्ति र विनीलाई सोधिने प्रश्न र ती प्रश्नहरुबाट आएका उत्तरहरु :

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव अध्ययन गर्ने क्रममा शोध कार्यमा राखेका उद्देश्यहरुलाई प्रष्ट पार्ने क्रममा त्यसक्षेत्रमा कार्यरत स्रोत व्यक्ति/वि.नि.लाई सोधिएका प्रश्नहरु, उहाँहरुसँग प्रत्यक्ष रुपमा भएको भेटघाट र छलफलबाट उत्तरहरु खोज्ने प्रयास गरिएको छ । स्रोतव्यक्तिसँग राखिएको जिज्ञासामा अहिले सामुदायिक विद्यालयको प्राथमिकतहमा भर्नाको अवस्था घटेकै हो त? भनी छलफल गर्दा उहाँहरुको तथ्यांकले घटेको हो यथार्थ भएको पुष्टि हुन्छ । के कारणले यसरी विद्यार्थी भर्ना घटेको हो भन्ने सवाल जवाफमा उहाँहरुले धेरै कारणहरु रहेको जसमा सामुदायिक विद्यालयको प्राथमिक तहमा सिकाईको वातावरण राम्रो सृजना हुन नसक्नु अंग्रेजी माध्यम तिर अभिभावको झुकाव भएकाले सो माग विद्यालयहरुले पूरा गर्न नसक्नु अभिभावहरु सुविधा सम्पन्न ठाउँमा पलायन हुनु, सुविधायुक्त विद्यालय नहुनु, वालमैत्री पूर्ण सिकाई वातावरण सृजना नहुनु, शिक्षकहरुले पेशाप्रति समर्पित भावना नदेखाउनु आदि भएको बताउनु हुन्छ ।

यसरीनै शिक्षक दरवन्दीको सम्बन्धमा भएको जवाफमा अधिकांश विद्यालयहरुमा पहिले देखि नै शिक्षक दरवन्दी कम रहेको र विद्यार्थी भर्ना न्यून हुँदा झन घट्ने संभावना रहेको जवाफ पाइयो । न्यून रुपमा भएको भर्नादरले शिक्षण सिकाईका विभिन्न आवस्थामा समेत असरहरु पुर्‍याएको छलफलका क्रममा पुष्टि भएको छ । दरवन्दी अभावले कक्षा अनुसार शिक्षक नभई वालकक्षा सहयोगि, पियन आदिबाट कक्षा संचालन हुनु यसको ज्वलन्त प्रमाण

हो । त्यस्तै कतिपय स्कुलमा भएको बहुकक्षा शिक्षण पनि यसको परिणाम हो । यसको समाधानका सम्बन्धमा चलाएको छलफलमा वर्तमानमा प्राथमिक शिक्षकहरुको आत्मसम्मानमा वृद्धि गरी वृत्तिविकासका प्रसस्त अवसरहरु दिई उनीहरुबाट विद्यालयको प्राथमिक तहको शिक्षण सिकाईको वातावरण बालमैत्रीपूर्ण बनाई क्रियाकलापमूखी विधिहरु प्रयोग गरी सिकाईको वातावरण सृजना गरिनु पर्ने राय व्यक्त भयो । यस्तै अभिभावकको आकांक्षा र चहाना बमोजिमको अग्रेजी माध्यमको जस्तो पढाईको व्यवस्थापन गर्न सके भर्नादर वृद्धि हुन सक्ने राय प्राप्त भयो यसको अलावा वर्तमान सरकारी नीतिमा समेत समयानुकुल परिवर्तन गरी विभिन्न भूगोलमा रहेका विद्यालयहरुलाई दिइने अनुदान प्रणाली परिर्वतन हुनु आवश्यक रहेको राय प्राप्त भयो ।

माथि उल्लेखित व्याख्या र विश्लेषण अपुरो अधुरो हुने कुरालाई ध्यान दिदै प्राप्त सूचना, तथ्यांक र आँकडाहरुलाई अझ व्यवस्थित र प्रभावकारी ढंगले सोधकार्यमा प्रस्तुत गर्न शोध कार्यमा उठाइएका उद्देश्यहरुलाई पुष्टि गर्न र प्राप्ती, निष्कर्ष र सुझावहरु दिन सजिलो वनाउका खातिर शोधकार्यका उद्देश्यहरुलाई उठान गरी तिनीहरुको व्याख्या विश्लेषण निम्न बमोजिम गरिएको छ ।

## ४.६ उद्देश्यका आधारमा गरिएको व्याख्या विश्लेषण

### ४.६.१ तेह्रथुम जिल्लाको इसिबु स्रोत केन्द्रका प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना कम हुने कारणहरुः

यस प्रश्नको उत्तरको खोजीमा मैले इसिबू स्रोत केन्द्रका नमूनामा परेका सवै विद्यालयमा गएर त्यहाँका शिक्षक, अभिभावक, वि. व्य.स. पदाधिकारी, प्र.अ. स्रोत व्यक्तिसँग जिज्ञासा राख्दा विद्यार्थी भर्ना कम हुने निम्न कारणहरु प्राप्त भएका छन् र तीनलाई निम्नानुसार प्रस्तुत गरेको छु ।


सर्वप्रथम इसिबू स्रोत केन्द्रका प्राथमिक विदालयमा विद्यार्थी भर्ना कम हुनाका कारणहरु र त्यसबाट शिक्षक दरबन्दीमा पर्ने प्रभाव, शिक्षण, सिकाई व्यवस्थापनमा देखिने असरहरु र भर्नादर बढाउने उपायहरुको वारेमा आएका सुझावहरुलाईनिम्न तालिकाको प्रस्तुती र व्याख्याबाट प्रष्ट हुन्छ ।

तालिका नं.४

शिक्षकहरुबाट आएका उत्तहरुको तालिका

| क्र.सं | शिक्षकहरुबाट आएका उत्तरहरु | नमूना लिइएका कुल समुह | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | संस्थागत विद्यालय प्रतिको आकर्षण | १० | ६ | ६०% |
| २ | सामुदायिक विद्यालयमा विद्यालयको शिक्षण व्यवस्थापन राम्रो नहुनु | १० | १ | १०% |
| ३ | सेवा क्षेत्रभित्र विद्यालय भर्ना उमेर बच्चाहरु कम हुनु | १० | २ | २०% |
| ४ | सामुदायिक प्राथमिक विद्यालयमा शिक्षण सिकाई प्रभावकारी नहुनु | १० | १ | १०% |

स्थलगत अध्ययन २०६७




प्रस्तुत तालिकामा १० जना शिक्षकहरुको उत्तरहरुलाई समेटिएको छ । जसमा संस्थागत विद्यालय प्रति अभिभावकको आकर्षण मा ६ जना शिक्षकहरुको धारणा अर्थात ६०% शिक्षकहरुको धारणा आएको छ भने सामुदायिक विद्यालयको प्राथमिक तहमा शिक्षण सिकाइ व्यवस्थापन राम्रो नहुनुमा १०%, प्रभावकारी शिक्षण नहुनुमा १०% र सेवा क्षेत्र भित्र विद्यालय उमेरका वालवालिका कम हुनुमा २०% शिक्षकहरुले आफ्नो सुझाव पेश गर्नु भएको छ ।


यतिले मात्र सोधकार्य स्पष्ट नहुने भएकाले अभिभावकहरुलाई आफ्ना छोरा छोरीहरु कसतो व्यवस्था भएमा सामुदायिक प्राथमिक विद्यालयमा भर्ना गर्नुहुन्छ भने सवालको सुझावबाट प्राप्त तथ्यांकको तालिका प्रस्तुत गरी व्यख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ५

अभिभावकहरुबाट प्राप्त उत्तरहरुको तालिका

| क्र.सं | अभिभावकहरुबाट आएका उत्तरहरु | नमूना लिइएका कुल समुह | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | अंग्रेजी माध्यमको व्यवस्था नभएकोले | १० | ७ | ७०% |
| २ | दक्ष, अनुभवी, कक्षागत शिक्षक नभएकोले | १० | १ | १०% |
| ३ | शिक्षण सिकाई व्यवस्थापन राम्रो नभएर | १० | २ | २०% |
| ४ | अन्य कुनै कारणले | १० | - | - |

स्थलगत अध्ययन २०६७




प्रस्तुत तालिकामा १० जना अभिभावक मध्येमा ७ जना अथवा ७०% अभिभावकले विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था भएमा आफ्ना वालवालिकालाई सामुदायिक प्राथमिक विद्यालयमा भर्ना गर्ने र अंग्रेजी माध्यम नभएर नै आफ्ना बालबच्चा संस्थागत विद्यालय तर्फ भर्ना गरेको प्रष्ट पार्नु भएको छ । अर्थात ७०% प्रतिशत

अभिभावकहरुको झुकाव अंग्रजी माध्यम तर्फ रहेको छ । त्यसैगरी दक्ष अनुभवी कक्षागत शिक्षक नभएकाले भन्ने प्रश्नमा एक जना अर्थात १०%, शिक्षक सिकाई व्यवस्थापन राम्रो नभएर २ जना अथवा २०% र अन्य कुनै कारणले भन्नेमा कसैको सुझाव आएन । यसरी माथिको तालिका र स्तम्भ चित्रबाट सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर घट्नुका पछाडि विद्यार्थीहरुलाई अंग्रेजी माध्यमको अभाव रहेको र अभिभावको आकर्षण अंग्रेजी माध्यमका विद्यालय तर्फ रहेको पाइयो ।

यसै गरी सोधकार्यको उद्देश्य स्पष्ट गर्नका लागि विद्यालय व्यवस्थापन समितिका ५ जना पदाधिकारी र प्रधानाध्यापक ५ जनाबाट संकलित तथ्यांकहरुको व्यख्या विश्लेषणमा समेत ३ जना व्यवस्थापनका पदाधिकारीहरुले प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना न्यून हुनका कारणमा अंग्रेजी माध्यममा वालवालिका पढाउन पठाएको कारण बताउनु भएको छ । अर्थात ६०% को झुकाव अंग्रेजी माध्यम तर्फ रहेको पाइयो ।

त्यसै गरी स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको सुझाव समेत सामुदायिक विद्यालयमा विद्यार्थीहरु अंग्रेजीमा कमजोर हुनका कारण संस्थागत विद्यालय तर्फ आकर्षण बढेको बताउनु हुन्छ ।

### ४.६.२ न्यून भर्नादरले शिक्षक दरवन्दीमा पाने प्रभावः

यस प्रश्नको समाधानको लागि इसिबू स्रोत केन्द्रमा नमूना परेका सबै विद्यालयहरुमा गएर ती विद्यालयको शिक्षक दरवन्दी संख्याको स्थितिलाई यहाँ तालिका प्रस्तुत गरेको छु ।

तालिका नं. ६

| क.सं. | विद्यालय | अघिल्ला वर्षहरुमा प्रा.वि. शिक्षक दरवन्दी | हालका प्रा.वि. शिक्षक दरवन्दी | दरवन्दीमा असर |
|---|---|---|---|---|
| १ | श्री इसिबू उच्च मा.वि., इसिबू | ५ | ३ | २ |
| २ | श्री सिंहदेवी नि.मा.वि. लायम्बा | ५ | ४ | १ |
| ३ | श्री जलेश्वर नि.मा.वि. भदौरे | ४ | ४ | - |
| ४ | श्री सिंहवाहीनी प्रा.वि. गैरीटोल | ४ | ४ | - |
| ५ | श्री जलपादेवी प्रा.वि. वतासे | ३ | ३ | - |

स्थलगत अध्ययन २०६७

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यार्थी भर्नादर न्यून भएका कारण प्रत्येक विद्यालयमा कक्षागत हिसावले १-१ दरवन्दी समेत नहुने गरी जि.शि.का तेह्रथुमले दरवन्दी कायम गरेको छ । के यो दरवन्दी विगतका वर्षहरुमा यति नै थिए कि हाल घटेका हुन भन्ने प्रश्नहरुको जवाफमा श्री इसिबू उच्च मा. वि. का प्र.अ. तथा श्री सिंहदेवी नि.मा.वि. का प्र.अ. ले आफ्नो विद्यालयको विद्यार्थी भर्ना संख्या घटेको कारण क्रमशः २ र १ दरवन्दी काटिएको उल्लेख गर्नु भएको छ । काटिनु अघि ति विद्यालयमा ५/५ दरवन्दी रहेका थिए । यसरी न्यून भर्ना दरले शिक्षक दरवन्दी घटी दरवन्दीमा सोझो प्रभाव परेको स्पष्ट विश्लेषण गर्न सकिन्छ ।

### ४.६.३ शिक्षण सिकाई व्यवस्थापनमा पार्ने असरहरुः

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर न्यून भएका कारण शिक्षक दरवन्दी कटौती भएको विद्यालयको विगत वर्षहरुको र हालको दरवन्दी संख्या हेर्दा प्रष्ट देख्न सकिन्छ ।

कक्षा १-५ सम्म ५ वटा कक्षाको शिक्षण सिकाई व्यवस्थापन गर्न कम्तिमा ५ जना शिक्षक दरवन्दी रहनु पर्नैमा माथिको तालिका नं. ३ बाट उक्त संख्या देखिदैन । २ वटा विद्यालयमा विगत वर्षहरुमा भएको दरवन्दी समेत कटौती भई घटेको छ । यसबाट नियमित कक्षा संचालन र व्यवस्थापन गर्न कठिन भै सिकाई व्यवस्थापनमा सोझो असर रहेको विश्लेषण गर्न सकिन्छ ।

कुनै विद्यालयमा वाल कक्षा सहयोगि तथा कुनैमा पियनबाट समेत कक्षा हेर्ने व्यवस्था गरेको प्र.अ. हरु बताउनु हुन्छ । यति बाट पनि संभव नभएर सि.अ.क. जस्ता विषयहरुमा बहुकक्षा शिक्षण समेत गराएको पाइन्छ ।

माथिका तथ्य र तथ्याङ्कलाई विश्लेषण गर्दा न्यून विद्यार्थी भर्नादरले शिक्षक दरवन्दी समेत कटौती भइ कक्षागत शिक्षक पुऱ्याउन नसक्दा शिक्षण सिकाई व्यवस्थापन नराम्ररी प्रभावित भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.६.४ सामुदायिक प्राथमिक विद्यालयमा भर्नादर बढाउने उपायहरुः

यस प्रश्नको समाधानको लागि इसिबू स्रोतका नमूनामा परेका विद्यालयका शिक्षणहरु, अभिभावकहरु, वि.व्य.स. का पदाधिकारीहरु र वि.नी./स्रोत व्यक्तिहरुलाई अनुसुचीमा उल्लेख भए बमोजिमका प्रश्नावलीका आधारमा उत्तर खोज्ने प्रयास गर्दा सबैबाट

सामुदायिक प्राथमिक विद्यालयमा प्राथमिक तहमा अंग्रेजीको जग कमजोर हुने जसका कारण अभिभावकको आकर्षण बोर्डिङ्ग तर्फ हुने हुँदा सामुदायिक विद्यालयमा प्राथमिक तहमा समेत अंग्रेजी माध्यमको प्रयोग गरी शिक्षण सिकाईको व्यवस्थापन गर्नु पर्ने धारणा आयो ।

यसका अतिरिक्त विद्यार्थी भर्नादर बढाउन बालमैत्री पूर्ण पठन पाठन, सिकाईका सामग्रीहरुको यथोचित प्रवन्ध, प्रभावकारी कक्षा व्यवस्थापन, तालिमको ज्ञानको कक्षाकोठामा प्रयोग गरिनु पर्ने कुराहरु पनि भेटघाट, छलफल र प्रश्नावलीको उत्तर आउने क्रममा प्राप्त भएका छन् ।

यसरी उपयुक्त विभिन्न किसिमका व्याख्या विश्लेषण सवाल जवाफमा शिक्षक, अभिभावकहरुबाट पाएका सुझावहरुबाट नै सोधकर्ताले के निचोड निकाले भने प्राथमिक तहको विद्यार्थी भर्नादर घट्नुका पछि सामुदायिक प्राथमिक विद्यालयमा अंग्रेजी माध्यम नहुनु र पठन पाठन कार्य नियमित, संगठित र व्यवस्थापन नभएका कारण अभिभावकले आफ्ना वालवालिकाका संस्थागत (वोर्डिङ्ग) तर्फ लैजानुपरेको धारणा सवैमा पाइन्छ । यति मात्र होइन पहाडी क्षेत्रमा वस्ती पातलिंदै गई सेवा क्षेत्रमा वालवालिको संख्या समेत कम भएका कारण भर्नादर र न्यून भएको पाइन्छ । यसैगरी वोर्डिङ्गमा पठाएका बालबालिका पढाइमा सक्षम हुने र सामुदायिक विद्यालयका विद्यार्थीहरु पढाइमा कमजोर हुने कारणले समेत भर्नादरलाई प्रभावित गरेको छलफल र भेटघाट क्रमबाट प्रष्ट भएको छ ।

स्वभाविक रुपमा अभिभावहरुले आफ्ना वालवालिका वोर्डिङ्ग तर्फ लगेपछि विद्यालयमा विद्यार्थीको संख्या दिन दिनै घटी रहेको कारण विद्यालयमा हुने शिक्षक दरवन्दी समेत घटेको तथ्याङ्क संकलनका क्रममा प्रष्ट भएको छ । न्यून विद्यार्थी भर्नादरले दरवन्दीमा समेत प्रभाव परेको छ ।

विद्यार्थी भर्नादर कमहुनु, शिक्षक दरवन्दी घट्नु जस्ता समस्या अगाडि आउनाले विद्यालयको दैनिक पठन पाठन क्रियाकलाप संचालनमा समेत प्रत्यक्ष प्रभाव परिहेको देखिन्छ । किनकी कक्षा अनुसार दरवन्दीमा शिक्षक नहुँदा वालकक्षा सहयोगि तथा निजी स्रोतबाट राखिएका शिक्षक को सहयोगबाट वा बहुकक्षा शिक्षण गरेर विद्यालय संचालन गर्नुपर्ने अवस्था आएको सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुले बताउनु भयो । यसले गर्दा शिक्षण सिकाई व्यवस्थापनमा समेत असर परेको देखियो ।

यसरी नियमित रुपमा भर्नादर न्यून हुनु, शिक्षक दरवन्दी घट्नु, सिकाइ व्यवस्थापनमा असरहरु देखिनु जस्ता समस्याको समाधानको लागि महत्वपूर्ण उपाय नै विद्यार्थी भर्नादर बढाउने नै हो भन्ने कुरा शिक्षक, अभिभावक, वि.व्य.स. प्र.अ. तथा स्रोतव्यक्ति/वि.नि.

सँगको छलफलबाट सुझावहरु प्राप्त भयो । त्यसका लागि अहिले चलिरहेको नेपाली माध्यमलाई केही परिवर्तन गरी स्थानीय परिस्थिति अनुसार वोर्डिङ्ग तर्फको झुकाव अभिभावकको चाहना पूरा गर्ने गरी अंग्रेजी माध्यममा कक्षा संचालन वा अंग्रेजी माध्यमका विषयहरु थप गरी कक्षा चलाउने, कक्षा कोठा व्यवस्थापन राम्रो गर्ने, सिकाईका सामग्रीहरु आवश्यकता अनुसार व्यवस्थापन गर्ने र शिक्षकले लिएको तालिमको शीप र ज्ञानलाई कक्षाकोठामा प्रयोग गर्ने जस्ता महत्वपूर्ण सुझावहरु तथ्याङ्क संकलनको क्रममा प्राप्त भयो ।

Taylor (१८५६-१९१७) का अनुसार संघ संस्थामा उत्पादन बढाउन त्यहाँ काम गर्ने कामदारको कार्यक्षमता बढाउनु पर्छ त्यसका लागि वैज्ञानिक विधि अन्तर्गत अवलोकन मूल्याङ्कन, परीक्षण, निचोड जस्ता तत्वहरु कार्यान्वय गराउनु पर्छ । प्रत्येक कामदारको कार्यक्षमता बढाउन परम्परागत कार्यशैलीलाई परिर्वतन गरी बैज्ञानिक बनाउनु पर्छ । व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग स्थापित गर्नुपर्छ । भन्ने सिद्धान्तलाई हेर्दा प्राथमिक विद्यालयका शिक्षकहरु कार्य क्षमतामा कमी भएका कारण विद्यार्थीहरुको सिकाई उपलब्धि कमजोर भएको देखिन्छ । त्यसैले Taylor का अनुसार उनीहरुको कार्य क्षमता बढाउनु जरुरी छ । संस्थागत विद्यालयमा शिक्षकहरुको कार्यक्षमता बढिरहेको कारण शैक्षिक उपलब्धि बढी देखिन्छ जसलाई Taylor को सिद्धान्तले सामुदायिक विद्यालयको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिक व्यवस्थापन कार्यशैली अपनाउनु पर्ने देखिन्छ ।

यस्तै Follet (१८६८-१९३३) का अनुसार उत्पादन बढाउने भावना र चाहना बुझेर कामदार र प्रशासकको बीचमा मानविय सम्बन्ध बढाउनु पर्छ । विभिन्न मनमुटाव कलह समाप्त गर्नुपर्छ । मानवीय सम्बन्ध विकासका लागि सम्बन्धित अधिकारीले कामदार संख्या उनीहरुका विचार काम गर्ने तरिका बोध गरी अष्पस्ट भएका कुरा स्पष्ट पार्नु पर्छ । यहाँ Follet को सिद्धान्तसँग कामदारको संख्या बढाउने, काम गर्ने तरिका स्पष्ट गर्ने कुरा सामुदायिक विद्यालयको प्राथमिक तहमा हेर्न सकिन्छ । किनकी प्राथमिक तहमा कामदारको रुपमा रहेका शिक्षकहरुको संख्या कम छ र कामको स्पष्टता छैन । त्यसलाई सामुदायिक विद्यालयको प्राथमिक तहमा शिक्षकको संख्या बढाउने र कार्यको स्पष्टता गर्ने कुरा व्यवस्थानपनको Follet को सिद्धान्तसँग मेल खान्छ ।

## अध्याय - पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्ति :

यो अध्ययन तेह्रथुम जिल्ला इसिबू स्रोतकेन्द्रका विद्यालयहरुमा प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव पहिचान गर्ने उद्देश्यले गरिएको हो । यस कार्यका लागि इसिबू स्रोत केन्द्रका सरकारी स्वीकृत प्राप्त विद्यालयको मात्र अध्ययन गरिएको छ । यसका लागि इसिबू स्रोत केन्द्रका सम्पूर्ण विद्यालयहरु, शिक्षकहरु, अभिभावहरु र प्र.अ. हरु मध्येबाट Randomly Sample को आधारमा ५ वटा विद्यालयहरु मध्येबाट लिइएको छ । यिनै ५ वटा विद्यालयहरु मध्ये बाट प्रत्येक विद्यालयबाट २/२ जना शिक्षकको दरले १० जना शिक्षक, सोही विद्यालयबाट २/२ जना अभिभावकहरुको दरले १० जना अभिभावहरु, १/१ जना प्र.अ. ज्यूहरु गरी ५ जना प्र.अ. १/१ जना वि.व्य.स. पदाधिकारी र स्रोत व्यक्तिबाट समस्याको समाधान खोज्ने प्रयास गरिएको छ । यिनै नमूनामा लिइएका शिक्षक र अभिभावकलाई प्रश्न पत्र तयार गरेर ती प्रश्नहरुबाट आएका उत्तरहरुलाई अध्ययन र विश्लेषण गरेर निष्कर्षको रुपमा लिइएको छ । यस अध्ययनबाट प्राप्त भएका प्रमुख तथ्यहरुलाई निम्नानुसार सुचीबद्ध गरिएको छ ।

१. सामुदायिक विद्यालयको प्राथमिक तहमा हाल लागु भएको पाठ्यपुस्तकहरु एउटा अंग्रेजी वाहेक अरु नेपाली माध्यममा रहेका र त्यसको अध्ययनबाट अधिकांस विद्यार्थीहरु शुरुबाट नै अंग्रेजीमा कमजोर हुने माथिल्ला कक्षाहरुमा अंग्रेजीमा कमजोर हुने, माथिल्ला कक्षाहरुमा अंग्रेजीमा कमजोर विद्यार्थीहरु शुरुबाट नै अंग्रेजीमा विषयमा अनुत्तीर्ण हुँदै जानाले अंग्रेजीमा राम्रो दक्षता हाँसिल गराउन पनि अभिभावकहरुको चासो सामुदायिक प्रा.वि. भन्दा संस्थागत वोर्डिङ्ग तर्फ आकर्षित भएको पाइयो ।

२. सामुदायिक प्राथमिक विद्यालयको तुलनामा विद्यार्थीहरुको पठनपाठनमा नियमितता, अनुशासन तथा समयको सदुपयोग भएकै कारण पनि लगानी गरेरै भएपनि अभिभावकले आफ्ना बालबच्चालाई बोर्डिङ तर्फ भर्ना गरेको पाइयो ।

३. भौगोलिक रुपले विकट, दुर्गम पहाडी इलाकाबाट सुविधाको खोजिमा अभिभावकहरु सदरमुकाम वा तराईतिर पलायन भै वस्ती पाललिएर पनि सेवा क्षेत्रका उमेरका वालवालिका घट्न गई विद्यार्थी भर्नादर कम भएको पाइयो ।

४. विद्यालयहरुमा शिक्षा ऐन र नियमावली अनुसार निश्चित विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी सृजना हुने हुनाले दरवन्दीको अभावमा शिक्षण सिकाईमा समेत असर परेको पाइयो ।

५. विद्यालयहरुमा वालवालिको खेलको निमित्त पर्याप्त सामग्री नहुनु, खेलमैदान व्यवस्थित नहुनु, खेलेर सिक्ने अवसरको सृजना नहुनाले समेत विद्यार्थी भर्नामा असर परेका देखिन्छ ।

६. सामुदायिक विद्यालयहरुमा अभिभावकहरुको लगानी प्रत्यक्ष लगानी नभएको कारण उनीहरुको चाख चासो कम रहेको छ भने बोर्डिङ्ग तर्फ अभिभावकको प्रत्यक्ष लगानी भएकाले बढी चासो दिएर पनि वालवालिका सिकाइमा सक्षम हुने देखियो जसका कारण पनि सामुदायिक विद्यालयमा भर्नादर घटेको पाइयो ।

७. वर्तमान रहेको तहको पाठ्यक्रमको ढाँचा समेत समय र परिस्थितिको मागलाई ध्यानमा राखी अभिभावकहरुको चासोको आधारमा परिमार्जन गरी सोही बमोजिम पाठ्य पुस्तकमा सुधार गरिनु पर्ने तद्अनुकुल शिक्षकहरुलाई पूर्नताजकी तालिमको व्यवस्था गरी कार्यन्वयन गर्न सकेमा वर्तमान विद्यार्थी भर्नाको स्थितिमा सुधार आउने आशा राखेको पाइन्छ ।

८. सामुदायिक विद्यालयहरुमा विद्यार्थी व्यवस्थापन चुस्त दुरुस्त पारदर्शि नभएका कारण विद्यार्थी भर्नादर घटेको पाइन्छ ।

### ५.२ निष्कर्ष :

तेह्रथुम जिल्लाको इसिबू स्रोत केन्द्रका सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापन पारेको प्रभाव विषयमा शोधपत्र तयार गर्ने क्रममा अनुसूचीमा उल्लेख भएका प्रश्नावालीको आधारमा प्राप्त भएका उत्तरहरुलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । सामुदायिक विद्यालयको प्राथमिक तहमा अभिभावक, शिक्षक, वि.व्य.स., प्र.अ. र स्रोत व्यक्तिसँग लिइएको उत्तरहरुलाई केलाउने क्रममा मूलतः अभिभावकहरुले निम्न धारणा राखेका पाइयो ।

१. सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीको भर्ना व्यवस्थापन राम्रो नभएकोले पढाइको प्रगति हुन्छ भन्ने कुरामा अभिभावक ढुक्क नभएको ।
२. सामुदायिक विद्यालयमा अंग्रेजीको जग कमजोर हुन्छ भन्ने धारणा रहेको ।
३. राम्रो पढाइको आशामा सक्ने अभिभावहरुले टाढै लगेर भएपनि वोर्डिङ्ग नै पढाउने इच्छा राखेको ।

यो माथि उल्लेख गरिएका बुँदाको आधारमा भन्नु पर्दा इसिबू स्रोत केन्द्रका अभिभावकहरुले संस्थागत विद्यालय अर्थात वोर्डिङ्गमो अंग्रेजी लगायतका विषयमा राम्रो जग तयार हुन सक्ने प्राथमिक शिक्षाको अपेक्षा राखेको पाइन्छ । यस्तो सामाजिक अपेक्षालाई त्यस क्षेत्रमा संचालित सामुदायिक प्राथमिक विद्यालयले पूरा गर्ने अवस्था भएमा विद्यालयको विद्यार्थी भर्नादर पनि बढ्ने र व्यवस्थापनमा राम्रो जग तयार हुन सक्ने प्राथमिक शिक्षाको अपेक्षालाई त्यस क्षेत्रमा संचालित सामुदायि प्राथमिक विद्यालयले पूरा गर्ने अवस्था भएमा विद्यालयको विद्यार्थी भर्नादर पनि बढ्ने र व्यवस्थापनमा राम्रो सुधार हुने स्थिति रहेको पाइन्छ । यसरी माथि गरिएको सुचनाको विश्लेषण र प्राप्तीहरुको आधारमा सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा परेको प्रभाव बिषयमा भएको अध्ययन अनुसन्धानले निम्न निष्कर्ष पुगिएको छ ।

१. सामुदायिक विद्यालयको प्राथमिक तहमा अंग्रेजीमा गणित जस्ता महत्वपूर्ण बिषयहरुमा अंग्रजी माध्यमको प्रयोग बढाउनु अति आवश्यक छ ।
२. विद्यालयमा विद्यार्थी भर्नादर घटिरहेका विद्यालयको व्यवस्थापन लगायत विविध क्षेत्रमा गम्भिर असर हुने देखिन्छ । यसर्थ सेवा क्षेत्रका अभिभावकको राय सल्लाहलाई पहिलो प्राथमिकताको रुपमा राखि उनीहरुको राय बमोजिम विद्यालयको दैनिक कार्य संचालन अघि बढाउन आवश्यक छ ।

३. विद्यालयमा कार्यरत शिक्षहरुको कार्यक्षमता कमजोर भएकाले कार्यक्षेत्रमा समेत थप सुधार हुनुपर्ने देखिन्छ ।

४. शिक्षकहरुलाई शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका विभिन्न तालिमहरुबाट प्राप्त ज्ञान र शीपलाई कक्षा कोठामा प्रयोग गर्न जोडी दिइनु पर्ने आवश्यकता देखिन्छ ।

५. सामुदायिक विद्यालयको प्राथमिक तह विद्यालयको जग नै भएकाले प्राथमिक तहलाई स्रोत साधन सम्पन्न बनाई क्रियाकलापमुखी तथा बालमैत्रीपूर्ण शिक्षण गर्नु आवश्यक छ । हाल सम्म विद्यालयहरु स्रोत साधन सम्पन्न भएका देखिदैनन् ।

६. विद्यालयले सेवा क्षेत्रका अभिभावहरुको चाहना बमोजिमको सेवा प्रदान गर्न नसकि रहेको अवस्था देखिन्छ जसले भर्नादरमा प्रभाव परेको छ ।

७. विद्यालयहरु आधुनिक सुविधा विहिन भएको कारण अभिभावहरुले सुविधा युक्त विद्यालयको खोजी गरी बालबालिका भर्ना गरेको समेत देखिन्छ ।

८. सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थीहरुको सिकाई उपलब्धि संस्थागत विद्यालयको विद्यार्थीको तुलनामा कमजोर हुँदा समेत भर्नादर घटी विद्यालय व्यवस्थापन गम्भिर असर परेको छ ।

९. संस्थागत र सामुदायिक विद्यालयको विभेद हटाई एउटै प्रकृतिका विद्यालय गर्नुपर्ने र आवश्यकता देखिन्छ ।

### ५.३ सुझाव :

जुन उद्देश्यबाट सामुदायमा विद्यालयहरु स्थापना भए त्यस अनुसार सामुदायिक विद्यालयको लयहरुले शैक्षिक उपलब्धि हासिल गराउन नसकेरहेको र विद्यालयको सम्पूर्ण पक्षमा नकारात्मक प्रभाव परिरहेकाले यसमा सुधार गरी समय अनुसार उपलब्धि हासिल गर्न के गर्नु पर्ला ? भर्ना अध्ययनको क्रममा सुझाबहरु मागिएको थियो । उक्त सुझाबहरु तथा सोधकर्ता स्वयंले अध्ययनको क्रममा देखेका तथ्यहरुको अध्ययनको क्रममा देखेका तथ्यहरुको आधारमा सामुदायिक विद्यालयको प्राथमिकता तहमा भर्नादर बढाई विद्यालय व्यवस्थापनमा सकारात्मक सुधारहरु ल्याउनको निम्न सुझाबहरु दिइएको छ ।

१. हाल संचालित सामुदायिक र संस्थागत विद्यालयका कारण विद्यार्थी भर्नाको अवस्था परिवर्तन भै संस्थागत विद्यालयमा बढ्ने र सामुदायिक विद्यालयका घट्ने देखिएकाले हाल संचालित विद्यालयहरुको संरचना एकै खालको बनाई एउटै स्तरको पाठ्यक्रम र पाठ्य पुस्तहरु समावेश गर्न सरोकार निकायहरुको ध्यान आकर्षित हुनपर्दछ ।

२. वर्तमान अवस्थामा संचालित सामुदायिक प्राथमिक विद्यालयहरुमा समेत अंग्रेजी माध्यममा कक्षा संचालन गर्ने प्रयास गरेमा पनि विद्यार्थी भर्नादर बढी शिक्षक दरवन्दीमा असर नपर्ने अवस्थाको वातावरण सृजना गरिनु पर्दछ ।

३. वर्तमान अवस्थामा कमजोर पूर्वाधारमा चलिरहेका सामुदायिक विद्यालयहरुलाई साधन स्रोत सम्पन्न बनाई राम्रो शैक्षिक वातावरणको सृजना गरिनु पर्दछ ।

४. शिक्षकहरुलाई दिइएको विभिन्न किसिमको तालिमका ज्ञान र सीपहरुलाई कक्षा कोठामा प्रयोग गर्ने वातावरण सृजना गरिनु पर्दछ ।

५. विद्यालयहरुमा गरिने वर्तमान निरीक्षण र अनुगमन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनु पर्दछ ।

६. शिक्षकहरुलाई आफ्नो पेशाप्रति समर्पित र लगनशील बनाई उनीहरुलाई वृत्ति विकासको प्रयाप्त अवसर दिई कक्षा शिक्षण, वालमैत्रीपूर्ण गराउनु आवश्यक देखिन्छ।

७. विद्यालय परिवार र अभिभावकको सम्बन्ध सुधार गरी विविध कार्यक्रम मार्फत संस्थागत विद्यालयको भन्दा राम्रो उपलब्धि सामुदायिक विद्यालयबाट वालवालिकाले लिन सक्छन् भने धारणा अभिभावकहरुमा विकास गराउन आवश्यक छ ।

८. हालमा शिक्षा ऐनमा व्यवस्था भएको विद्यार्थी संख्याको आधारमा दरवन्दी सृजना गरी विद्यालयहरुलाई दिने प्रथालाई तोडी विद्यालयमा चलिरहेका कक्षाहरुका आधारमा कक्षागत दरवन्दीको सृजना गरिनु आवश्यक छ ।

९. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको विद्यालयको दैनिक कार्य संचालन, कक्षा संचालन, शिक्षण सिकाई प्रक्रिया र विद्यालयको व्यवस्थापनका हरेक पक्षहरुमा अभिभावक शिक्षकहरुसँग छलफल र बैठकहरु संचालन गरी आएका सुझावहरुलाई विद्यालयको क्षमता र सुविधाले भ्याए सम्म कार्यन्वयन गरी पुरानो पद्धति र शैलीलाई तोडी समयको माग अनुसारको शिक्षण सिकाई वातावरण सृजनागर्ने कुरामा ध्यान दिन आवश्यक छ ।

१०. उच्च शैक्षिक उपलब्धि, हाँसिल गर्न, विद्यालयमा विद्यार्थीको भर्नादर बढाउन र विद्यालयको व्यवस्थापन मजवुत बनाउन विद्यालय हाता घेराबारा, खेलमैदान, सिकाईका सामग्रीहरु समेतको व्यवस्था गरी विद्यालयलाई पढौं पढौं लाग्ने अवस्थामा पुऱ्याउन हर प्रकारले विद्यालय व्यवस्थापन समिति शिक्षकहरु र प्र.अ. ले अभिभावकको साथ लिई अगाडि बढ्नु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्रीहरु

(२०६१) अन्तराष्ट्रिय शैक्षिक मञ्च, **अन्तर्राष्ट्रिय मञ्च**, काठमाडौं, अनामनगर :

काफ्ले वासदेव, गौडेल, यादव, अधिकारी, किसानप्रसाद (२०६४), **शिक्षाको वित्तशास्त्र,** काठमाण्डौ : सनलाईट पब्लिकेसन, किर्तिपुर ।

काफ्ले वासुदेव, श्रेष्ठ चन्द्रबहादुर, सिन्हा, रामस्वरुप (२०५९), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

के.सी., मानबहादुर (२०६३) **विद्यालयको सुपरिवेक्षण र त्यसको प्रभावकारिता**, शोधपत्र स्नातोकोत्तरतह अप्रकाशित कृति ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६३), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

खनाल पेशल (२०६४), **शैक्षिक अनुसन्धान पद्धति** काठमाण्डौ : सनलाईट पब्लिकेशन किर्तिपुर ।

गौतम, सूर्यप्रसाद, निरौला, यादवचन्द्र (२०६१), **माध्यमिक शिक्षक दिग्दर्शन**, काठमाण्डौ, मकालु बुक्स स्टेशनरी, पुतलिसडक ।

घिमिरे, जनादर्न (२०६३), **परिचयात्मक शिक्षा**, काठमाण्डौः आठराई पब्लिकेशन प्रा.लि., अनामनगर ।

ढुंगाना, जीवनकुमार (२०५८), **नेपालमा आधारभूत तथा प्राथमिक शिक्षाको विकास** काठमाण्डौ : रत्न पुस्तक भण्डार

**प्राथमिक विद्यालय व्यवस्थापन तालिम पुस्तिका** (२०५९), प्रधानाध्यापकहरुका लागि, आधारभूत तथा प्राथमिक शिक्षा शाखा, भक्तपुर : सानोठिमी ।

भट्टराई, महेश (२०६५) प्राथमिक विद्यालयमा छात्रा भर्नाको स्थिति र नियमितताले **शिक्षण सिकाईमा पारेको प्रभाव**, अप्रकाशित कृति

शर्मा, कुवेरनाथ (२०६३), **शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,** काठमाण्डौः रत्न पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६५), **शैक्षणिक विधि,** काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स, भोटाहिटी ।

**शिक्षा ऐन तथा नियमावली** (२०५९), काठमाण्डौ : समिक्षक विनोद न्यौपाने (२०६२), बौद्धिक दर्पण प्रकाशन, पुतलिसडक ।

**शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन** (२०६२/०६३), भक्तपुर अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा, सानोठिमी ।

## अनुसूची - एक

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि शिक्षकहरुको निम्ति प्रश्नावाली

विद्यालयको नाम :

शिक्षकको नाम :

शैक्षिक योग्यता :

लिङ्ग..........उमेर ...........शिक्षण अनुभव वर्ष

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. विद्यार्थी भर्ना नियमित घट्नुका पछाडी के कारणहरुले प्रभाव पारेको छ ?

क) संस्थागत विद्यालय प्रतिको आकर्षण

ख) सामूदायिक विद्यालयमा विद्यालयको व्यवस्थापन राम्रो नहुनु

ग) सामूदायिक विद्यालयमा शिक्षण सिकारु प्रभावकारी नहुनु

घ) विद्यालय भर्ना हुने वच्चाहरु सामूदायमा कम हुनु ।

ङ) माथिका सवै कारणहरु

२. विद्यार्थी भर्ना न्यून भइ रहैदा विद्यालयको शिक्षक दरवन्दीमा असर पर्छ वा पर्दैन ? वताइ दिनु हुन्छ कि

क.पर्छ ख.पर्दैन

३. न्यून विद्यार्थी भर्नाले शिक्षक दरवन्दी घट्छ वा घट्दैन ?

क. घट्छ ख घट्तैन

४. तपाईको विद्यालयमा नियमित भर्ना दर घटिरहेको छ यसरी भर्नादर घटिरहैदा तपाईलाई शिक्षण सिकाइको व्यवस्थापनमा समस्या आएको छ वा छैन ? आएको भए कस्तो समस्या महसुश गर्नु भएको छ ?

क.

ख.

५. नियमित रुपमा भर्नादर घटिरहँदा भर्ना वढाउने कुनै प्रयास गर्नु भएको छ वा छैन छ भने के गर्नु भएको वताइ दिनु हुन्छ कि ?

क.

ख.

६. सामूदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको चाप वढाउने कुनै नयाँ सोच तपाई सँग छ कि ? छ भने उल्लेख गरिदीनुहुन्छ कि ?

क.

ख.

ग.

७. तपाईहरु कहिले काहि गाउँ घर तिर घुमेर पनि विद्यार्थीहरु जम्मा गर्ने गर्नु भएको छ ?

क. छ ख. छैन

७. तपाइहरुले अभिभावक सँग भेटघाटको लागि गाँउ घरमा जानुहुन्छ वा अभिभावकलाई वोलाउनु हुन्छ ?

क. स्वय आछन्

ख. वोलाउनुपर्दछ

ग. वोलाउदा पनि आउँदैनन्

९. तपाइहरु शिक्षकको तर्फवाछ विद्यर्थी भर्नाको लागि यस गाँउमा शैक्षिक वेतना वृद्धिका लागि केहि पहल गर्नु भएको छ?

क. छ ख. छैन

१०. यदि चितना वृद्धिका लागि कार्य गर्नु भएको भए त्यसवाट के कस्ता परिणम प्राप्त गर्नुं भयो ?

क.

ख.

ग.

११. तपाइको विद्यालयमा विद्यार्थी भर्ना वृद्धिका लागि तपाइको विचाररमा के गर्नु पर्छ जस्तो लाग्छ सुझाव दिनुहोला ?

क.

ख.

ग.

१२. विद्यार्थी भर्ना न्यून हुनका पछि तलका मध्ये कुनै चाहि कारण महत्वपूर्ण भए जस्तो तपाइलाई लाग्दछ ?

क. शिक्षक दरवन्दी को अभाव हुनु

ख. विद्यालयमा दक्ष शिक्षकनभएकाले

ग. नियमित पठन पाठन नहुने हुनाले

घ. विद्यालय टाढा भएकोले

ङ. विद्यालय प्रशासन ले राम्रो शैक्षणिक व्यवस्थापन नगरेकाले

च. अन्य केहि कारण भए

१३. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, बोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसंख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

..............................................................................................................

१४. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नुहुन्छ?

क. शिक्षक दरवन्दी घट्ने    ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी    घ. शिक्षण सिकाई सामग्रीको अभाव

## अनुसूची - दुई

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि अभिभावकको निम्ति प्रश्नावाली

जिल्ला............................

गा.वि.स.:..................................

वडा..............टोल......................

लिङ्ग............................................शैक्षिक योग्यता ................ पेशा ...............

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. तपाइँको छोराछोरी कति छन् ?

क. छोरा .......ख. छोरी ....

२. छोरा छोरी सवैलाई विद्यालय पठाउनु भएको छ कि छैन् ?

३. छोराछोरी सामुदायिक विद्यालय वा सस्थागत कहाँ भर्ना गर्नु भएको छ ?

४. छोराछोरीलाई नजिकैको सामुदायिक प्रा.वि.मा. नपठाई किन अन्यत्र पठाउनु भएको हो ?

क

ख

५. तपाईले आफ्ना छोराछोरीलाई नजिकैको प्रा.वि.मा कस्तो व्यवस्था भएमा भर्ना गर्नु हुन्छ?

क अंग्रेजी माध्यम भएमा

ख कक्षागत दक्ष र अनुभवि शिक्षक भएमा

ग शिक्षक सिकाइ व्यवस्थाापन राम्रो भएमा

६. तपाईले सामूदायिक विद्यालयमा आफ्ना छोरा छोरीहरु भर्ना नगर्दा उक्त विद्यालयमा असर परेको देख्नु भएको छ वा छैन

क. छ ख. छैन

७. विद्यालयमा विद्यर्थी भर्ना न्युन हुँदा कस्तो कसतो असर परेको देख्नु हुन्छ?

क. शिक्षक दरवन्दीमा प्रभाव परेको छ ।

ख. कक्षा व्यवस्थापनमा प्रभाव परेको छ ।

ग. शिक्षण सिकाई व्यवस्थापनमा प्रभाव परेको छ ।

८. सामुदायिक विद्यालयमा केके सुधार गरेको खण्डमा संस्थागत विद्यालयको ज्सतो शिक्षण सिकाई व्यवस्थापन हुन सक्ला सुझाव दिने हुन्छ की ?

क.

ख.

९ विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, बोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसंख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

......................................................................................................................

१० विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नुहुन्छ?

क. शिक्षक दरवन्दी घट्ने ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी घ. शिक्षण सिकाई सामग्रीको अभाव

## अनुसूची - तीन

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि वि.व्य.स.का निम्ति प्रश्नावाली

जिल्ला : गा.वि.स.: वडा नं. :

टोल : लिङ्गः शैक्षिक योग्यताः

पेशा : विद्यालयः

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. तपाई यस विद्यालयको व्यवस्थापन समितिमा रहनु भएको कति भयो ।

............................................................................................

२. तपाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्य भए यता प्राथमिक तहको विद्यार्थी भर्ना घटेको वा बढेको कस्तो देखनु भएको छ ?

क. घटेको ख. बढेको

३. प्राथमिक तहमा क्रमशः विद्यार्थी भर्ना घट्नै जानुका पछि तपाईले कु कुन कारणहरु देख्नुभएको छ ?

क.

ख.

ग.

४. तपाईको विद्यालयमा विद्यार्थी भर्नाको न्यूनताले शिक्षक दरवन्दीमा कस्तो असर परेको छ ?

क.

ख.

ग.

५. विद्यार्थी भर्नाको न्यूनताले शिक्षण सिकाई व्यवस्थापनमा असर परेको छ वा छैन ?

............................................................................................

६. विद्यार्थी भर्नादर घटिरहनुका पछि अन्य कुनै कारणहरु देख्नु भएको छ की?

क.

ख.

ग....

७. विद्यार्थी भर्नादर बढाउन के-के उपायहरु अपनाउनु भएको छ ?

१.

२.

३.

८. विद्यार्थी भर्नादर बढाउने अन्यकुनै उपायहरु सोच्नु भएको छ की ?

क.

ख.

ग.

९ विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, बोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसंख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

.............................................................................................................

१० विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नुहुन्छ?

क. शिक्षक दरवन्दी घट्ने   ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी   घ. शिक्षण सिकाई सामग्रीको अभाव

## अनुसूची-चार

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि प्रधानाध्यापकका निम्ति प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ.को नाम : ठेगाना :

शैक्षिक योग्यता : लिङ्ग:

तालिम : अवधि:

तालिम दिने संस्था :

विद्यालय शिक्षक संख्या: विद्यालय संचालित कक्षा:

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. व्यवस्थापन तालिम लिएको/नलिएको

२. प्र.अ. हुनुपूर्व शिक्षकको रुपमा काम गरेको/नगरको

३. प्र.अ. हुनुपूर्व शिक्षक भएर काम गरेको भए कति वर्ष ?

४. प्र.अ. को रुपमा काम गरको अनुभव वर्ष

५. तपाईको विद्यालयमा प्राथमिक तहमा विद्यार्थी भर्ना दरको स्थिति कस्तो छ ?

क. घट्दो ख. बढ्दो

६. विद्यार्थी भर्ना घटिरहेको छ भने के-के कारणले विद्यार्थी भर्ना घटेको होला कारणहरु बताइ दिनुहुन्छ की ?

१.

२.

३.

७. विद्यार्थी भर्ना न्यून भएका कारण तपाईको विद्यालयमा शिक्षक दरवन्दी घटेको छ वा छैन ।

८. विद्यार्थी भर्ना न्यून भएका कारण सिकाई व्यवस्थापन समेत असर परेको छ की?भए असरहरु उल्लेख गरिदिनु हुन्छ की?

क.

ख.

ग.

९. विद्यार्थी भर्नादर बढाउने कुनै उपायहरु लगाउनु भएको छ? गर्नु भएको भए के गर्नुभएको छ ?

१.

२.

३.

१०. विद्यालयमा विद्यार्थी भर्ना दर न्यून भइरहे त्यसलाई समाधान गर्ने के-के सुधारका उपायहरु अवलम्वन गर्न सके भर्नादर बढाउन सकिएला ?

१.

२.

३.

११. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, बोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसंख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

........................................................................................................

१२ विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नुहुन्छ?

क. शिक्षक दरवन्दी घट्ने ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी घ. शिक्षण सिकाई सामग्रीको अभाव

## अनुसूची-पाँच

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका वि.नि./स्रोतको निम्ति प्रश्नावाली

स्रोत केन्द्र ठेगाना

वि.नि./स्रोत व्यक्तिको नाम ठेगाना

शैक्षिक योग्यता लिङ

तालिम

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. तपाई यो स्रोतकेन्द्रको स्रोतव्यक्ति/वि.नि.को रुपमा कार्य गरेको कति भयो ?

क) १ बर्ष ख) २ बर्ष ग) ३ बर्ष घ) ३ बर्ष भन्दा बढी

२. तपाईको स्रोतकेन्द्रका विद्यालयको निरिक्षण अनुगमन नियमित गर्नुहुन्छ ?

..........................................................................................

३. तपाईले गर्नुभएको निरिक्षण अनुगमनले प्राथमिक तहका विद्यार्थीहरु भर्नाको तथ्याङ्क कस्तो पाउनु भएको छ ।

क) घट्तो क्रममा ख) बढ्दो क्रममा

४. तपाईको स्रोत केन्द्रमा विद्यार्थी भर्नामा कमी आउनाको के-के कारणहरु पाउनु भएको छ ?

क)

ख)

ग)

५. विद्यार्थी भर्ना न्यून भएका कारण तपाईको स्रोतकेन्द्रमा विद्यालयको शिक्षक दरवन्दी समेत हेरफेर भएको पाउनु भएको छ?

क) छ ख) छैन

६. तपाईको स्रोत केन्द्रमा विद्यार्थी भर्नादर न्यून भएका कारणले दरवन्दी समेत कुनै विद्यालयको कटौती भएको छ?

क) छ ख) छैन

७. शिक्षक दरवन्दीमा भएको कटौतीले कक्षाको शिक्षण सिकाई व्यवस्थापनमा कस्ता असरहरु परेको पाउनु भएको छ ।

क)

ख)

ग)

८. विद्यालयमा घटिरहेको विद्यार्थी भर्नादर बढाउन तपाईले विद्यालयका वि.व्य.स. प्र.अ. तथा शिक्षकहरुलाई के सहयोग सल्लाह दिदै आउनु भएको छ ।

क)

ख)

ग)

९. सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी भर्नादर बढाउने कस्ता कस्ता उपाय र सुझावहरु तपाई विद्यालयहरुलाई दिनुहुन्छ ?

क)

ख)

ग)

१० विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, बोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसंख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

..........................................................................................................

११ विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नुहुन्छ?

क. शिक्षक दरवन्दी घट्ने ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी घ. शिक्षण सिकाई सामग्रीको अभाव

## अनुसुची - छ

नमूना जनसङ्ख्यामा परेका विद्यालय, प्र.अ. तथा शिक्षकहरुको विवरण

| सि.नं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकहरुको नाम |
|---|---|---|---|
| १ | श्री इसिबू उ.मा.वि. इसिबू | विनोद कुमार देव | यादव भण्डारी<br>मोहन घिमिरे |
| २ | श्री सिंहदेवी नि.मा.वि. लायम्वा | रामकुमार लिम्बू | इश्वरी ओभ्का<br>कुल ब. लिम्बू |
| ३ | श्री जेलेश्वर नि.मा.वि. भदौरे | छविलाल कडरिया | लीला उप्रेती<br>भवानी सापकोटा |
| ४ | श्री सिंहदेवी प्रा.वि. गैरी टोल | विष्णुप्रसाद घिमिरे | होम प्र. तिम्सिना<br>सीता पोताङना |
| ५ | श्री जालपादेवी प्रा.वि. बतासे | शन्त ब. सिरुवाल | आनन्द सिरुवाल<br>मैया थापा |

विद्यालय निरिक्षक - जीवनकुमार ढुङ्गाना

स्रोत व्यक्ति - छत्रपति दाहाल

स्थलगत अध्ययन २०६७

अनुसूची - सात

वि.व्य.स. पदाधिकारी र अभिभावकहरुको नामावली

| सि.नं. | विद्यालयको नाम | वि.व्य.स. पदाधिकारी | अभिभावकहरुको नाम |
|---|---|---|---|
| १ | श्री इसिबू उ.मा.वि. इसिबू | महेन्द्रकुमार फम्वो | डिल्ली फम्वो<br>रमला कुरुङवाङ |
| २ | श्री सिंहदेवी नि.मा.वि. लायम्वा | गणेश ब. निरौला | जय ब. सम्बाहाम्फे<br>रोशा फम्वो |
| ३ | श्री जेलेश्वर नि.मा.वि. भदौरे | दयासागर भण्डारी | देवी प्र. सापकोटा<br>देवी कडरिया |
| ४ | श्री सिंहदेवी प्रा.वि. गैरी टोल | चन्द्र ब. चोङवाङ | डिल्लीराम चोङवाङ<br>वीरमाया घिमिरे |
| ५ | श्री जालपादेवी प्रा.वि. बतासे | बद्री प्र. दूलाल | तारा भट्टराई<br>कमला कार्की |

स्थलगत अध्ययन २०६७